# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क १३ पूर्णाङ्क १५८ | २०७६ कार्तिक ४ गते सोमबार | Monday, 21 Oct., 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादी पश्चिम ब्यूरोको प्रशिक्षण कार्यक्रम सम्पन्न




बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) पश्चिम ब्यूरोको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । बर्दियाको भुँरीगाउँमा बुधबारबाट बाँकी ८ पेजमा

# देजमो केन्द्रीय समितिको बैठक सम्पन्न

# उपनिर्वाचन सशक्त बहिस्कार गर्ने






काठमाडौं । कात्तिक २ र ३, २०७६ मा सम्पन्न देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय समितिको बैठकले मंसिर १४ मा हुन लागेको उपनिर्वाचनलाई सशक्त बहिस्कार गर्ने निर्णय गरेको छ । मोर्चाको केन्द्रीय कार्यालय ललितपुरको कुपण्डोलमा सम्पन्न बैठकले वर्तमान सत्ता, व्यवस्था र संविधान जनविरोधी र प्रतिगामी भएको र यो दलाल तथा नोकरशाही पुजीपति वर्ग र साम्राज्यवादी तथा विस्तारवादीहरूको स्वार्थहरूप्रति मात्र बफादार रहेकोले उपनिर्वाचन बहिस्कार गर्ने निर्णय गरेको मोर्चाका नेताहरूले बताएका छन् ।

प्रतिनिधिसभा १, प्रदेश सभा ३ र स्थानीय तह ४६ गरी ५० वटा स्थानीय तहमा हुन लागेको उपनिर्वाचन बहिस्कार गर्ने निर्णय गरेको मोर्चाका सचिवालय सदस्य हरिकृष्ण गजुरेलले जानकारी दिए । उनका अनुसार बैठकले जनघात र राष्ट्रघातका विरुद्ध देशव्यापी भण्डाफोर कार्यक्रमसँगै संगठन सुदृढीकरण तथा विस्तारका कार्यक्रमलाई व्यापक बनाउने निर्णय गरिएको छ । मोर्चाले बैठकले गरेका समग्र निर्णयलाई सोमबार पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने तयारी गरेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)को बाँकी ७ पेजमा

## वीरजंगसहित २१ जना नेता कार्यकर्ता पक्राउ, कडा प्रतिरोध गर्ने विप्लवको चेतावानी

काठमाडौं । आफ्नो दाजु विरजंगसहित २१ जना नेता कार्यकर्ता गिरफ्तार परेपछि प्रतिबन्धित नेकपाका महासचिव विप्लवले नेता कार्यकर्तामाथिको दमनको कडा प्रतिरोध गर्ने चेतावानी दिएका छन् । पार्टीको राप्ती ब्युरोको बैठक तथा राजनीतिक प्रशिक्षण भइरहेको ठाउँबाट प्रहरीले हस्तक्षेप गरी केन्द्रीय सदस्य तथा मध्यपश्चिम कमान्ड इन्चार्ज वीरजङ्ग, राप्ती ब्युरो इन्चार्ज सुवास, ब्युरो सदस्यहरू सविन, युवा सङ्गठनका अध्यक्ष पाटन, बेपत्ता योद्धा परिवार समाजका अध्यक्ष सुन्दर, रुकुम इन्चार्ज चन्द्र, रोल्पा इन्चार्ज सन्तोष, दाङ इन्चार्ज विक्रम, सल्यान इन्चार्ज विश्वसहित दुई दर्जन नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरेको विरोधमा जारी गरेको वक्तव्यमा विप्लवले यस्तो चेतावानी दिएका हुन् ।

विप्लवले गिरफ्तारीको घोर विरोध एवम् भर्त्सना गरेका छन् र भनेका छन्, "श्रमिक जनताको अधिकार, देशको स्वाधीनताका पक्षमा र राष्ट्रघात, भ्रष्टाचार, करछली, महँगी, तस्करीका विरुद्ध लडिरहेका हाम्रा नेता-कार्यकर्तामाथिको दमनको कडा प्रतिरोध गरिने पनि स्पष्ट गर्दछ ।'

वक्तव्यमा विप्लवले ओली सरकार जनवादी शक्तिविरुद्ध दिन-प्रतिदिन घोर निरङ्कुश, सर्वसत्तावादी एवम् फासिवादी ...बाँकी ८ पेजमा

## नेकपा माओवादी केन्द्रको बैठक सम्पन्न

# 'शान्ति र समाजवादविरोधी उपनिर्वाचन वहिष्कार'को निर्णय

काठमाडौं । तीन दीनदेखि काठमाडौंमा जारी नेकपा (माओवादी केन्द्र) को बैठकले सरकारले मंसिर १४ गते गर्ने भनेको उपनिर्वाचनलाई 'शान्ति र समाजवाद विरोधी' भन्दै शसक्त रूपमा वहिष्कार गर्ने निर्णय गरेको छ । माओवादी केन्द्रको पदाधीकारी बैठक र पोलिटव्यूरो बैठकले छलफल सहित ल्याएको निर्वाचन र संर्षका कार्यक्रम लगायतका एजेण्डाहरूमाथि आजको केन्द्रीय समितिको बैठकले व्यापक छलफल गर्दै उपनिर्वाचन वहिष्कार गर्ने निर्णय गरेको हो ।




बैठकले वर्तमान ओली सरकार देश, जनता र राष्ट्रका पक्षमा गम्भीर नभएको र राजनैतिक दलहरूमाथि निधेष,प्रतिबन्ध तथा दमनकारी, फासिवादी गतिविधि बढाउँदै गएको ठहर गर्दै त्यस्ता कार्यहरू नरोकेमा जनताहरू आन्दोलीत बन्दै जाने प्रति सरकारलाई सचेत समेत गराएको छ ।

माओवादी केन्द्रका अध्यक्ष गोपाल किरातीले गत असोज ३ गते प्रधानमन्त्री कार्यालयको विद्युतिय ठेगाना (ईमेल)मार्फत सरकारलाई बुझाएको 'संविधानको पुनलेखन तथा सरकारका कामबारे' १८ बुर्दे कार्यपत्रको कार्यान्वयनमा ध्यान नदिएकाले आफुहरू बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको 'काठमाडौं मार्च अभियान' पूर्वी महानगरमा



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले भदौं १ गतेबाट सुरु गरेको 'काठमाडौं मार्च अभियान' दशै सकिएलगत्तै फेरि जारी राखेको छ । कात्तिक १ गतेबाट क्रान्तिकारी माओवादी काठमाडौंले महानगरको पूर्वी क्षेत्रमा अभियान सञ्चालन गरिरहेको छ । अभियानको बाँकी ८ पेजमा

## चीनको राष्ट्रपतिको नेपाल भ्रमणको अर्थराजनीति

**चिनियाँ नेता सिधैं नेपाल नआएर भारतका नेतालाई भारतको महावलीपुरममा भेटेर काठमाण्डु उत्रेका हुन्**



● सीताराम तामाङ ●

**१) चीनको राष्ट्रपतिको भ्रमणको कारण**

२३ बर्षपछि नेपालको उत्तरी छिमेकी मुलुकको राष्ट्रपति , जो उदीयमान विश्वशक्तिको राष्ट्रप्रमुख हुन् , नेपालजस्तो सानु र अल्पविकसित मुलुकको दुइदिने भ्रमणमा भर्खरै(२४ , २५ असोज) काठमाण्डु आएका थिए । धेरै वर्षपछि एउटा शक्तिशाली देशको र छिमेकी पनि भएको राष्ट्रप्रमुख नेपालमा आउनु त्यसै पनि स्वागतयोग्य कुरा हो , सबैतिरबाट स्वागत गरियो । दोश्रो दक्षिणतर्फको छिमेकी देशको नेतृत्वको हेपाहा व्यवहारको कारण पनि उत्तरतर्फका छिमेकी देशका नेतृत्व , जस्ले नेपाललाई अप्ठ्यारो पर्दा साथ दिने गरको छ । नेपाल आउँदा नेपालीले दिल खोलेरै स्वागत गर्ने गरेका छन् र यसपटक पनि त्यसै गरे । तर चिनियाँ नेता सिधै नेपाल नआएर भारतका नेतालाई भारतको महावलीपुरममा भेटेर काठमाण्डु उत्रेका हुन् । तसर्थ सीको नेपाल भ्रमणको सन्दर्भमा चीन र भारतबीचको सम्बन्धलाईसमेत ध्यानमा राखेर मूल्याङ्कन गरिनु बेस हुनुछ ।

चीन र भारत एसियाका दुइ ठुला उदीयमान शक्तिहरू हुन र साथै नेपालका उत्तरदक्षिणका छिमेकीहरू पनि । यी दुइ देशका बिचमा सानु देश नेपाल बाँकी ७ पेजमा

## सूचना

देशभक्त जनगणतान्त्रिक मोर्चा , नेपालले यहि २०७६ मंसीर १४ गते हुन गइरहेको उपनिर्वाचन वहिष्कारलगायतका विषयमा निम्न मिति , स्थान र समयमा पत्रकार सम्मेलन कार्यक्रमको आयोजना गरेको हुँदा समाचार सङ्कलन तथा सम्प्रेषणको लागि उपस्थितिको निमित्त हार्दिक अनुरोध गरिञ्छ ।

**कार्यक्रम :**
**मितिः– २०७६ कार्तिक ४ गते**
**समयः– १२:३० बजे**
**स्थानः– होटल कमल , कमलपोखरी ।**


## हार्दिक शुभकामना

नेपालको मौलिक सम्बत् नेपाल सम्बत् ११४०
तथा शुभदीपावली २०७६ को उपलक्ष्यमा सम्पूर्ण
महानगरवासीहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना !

देय्या मौलिक सम्बत् नेपाल सम्बत् ११४० न्हू
दँ व स्वन्ती नखःया लसताय् सकल नेपाःमिपिन्त
दुनुगलंनिसे यक्व यक्व भिन्तुना देछानाच्वना ।

श्री विद्यासुन्दर शाक्य
मेयर
काठमाडौं महानगरपालिका, काठमाडौं

## सम्पादकीय

# संसदीय व्यवस्थाको भण्डाफोर

लोकतान्त्रिक गणतन्त्र रूपी वर्तमान सत्ता तथा व्यवस्था संसदीय व्यवस्था हो । अर्ध सामन्ती तथा नवऔपनिवेशिक स्थितिमा यो संसदीय व्यवस्था दलाल व्यवस्थाको रूपमा बद्नाम भएर गएको छ । र, व्यवस्थाका सम्पूर्ण अवयवहरूले नोकरशाही तथा दलाल पुँजीपति वर्ग र साम्राज्यवादी तथा विस्तारवादी तत्वहरूको स्वार्थ मात्र पूरा गरिरहेका छन् । देश र जनताको लागि वर्तमान संसदीय व्यवस्था 'दुर्भाग्य' र 'बिडम्बना' बन्न पुगेको छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू निकै विकाराल बनेर गएका छन् । शासकहरूको दम्भ, घमण्ड, स्वेच्छाचारिताले मुलुकमा दण्डहिनता मौलाएर गएको छ । हत्या, हिंसा, बलात्कार, भ्रष्टाचार, अनियमितता, अपारदर्शिताका घटनाले मुलुक अन्तर्राष्ट्रिय रूपमा नै बद्नाम बन्न पुगेको छ । यहाँसम्म कि प्रतिनिधिसभाका सभामुख बलात्कार मुद्दामा पक्राउ पर्छन्, सांसदहरू हत्याका मुद्दामा बर्षौंपछि पक्राउ पर्छन् तर उनीहरूमाथि कारबाही अगाडि बढाउन प्रहरी स्वतन्त्र छैन । राजनीतिक दबाबका कारण न्यायिक प्रक्रिया नै प्रभावित बन्न पुग्दछ । निर्मला पन्त बलात्कार तथा हत्या प्रकरण, वाइडबडी भ्रष्टाचार काण्ड, एनसेलको करछली प्रकरण, बढ्दो संस्थागत भ्रष्टाचार, जथाभावी करवृद्धि, महंगी, बेरोजगारी, कालाबजारी लगायत बेथिति र विसंगतीले ओली नेतृत्वको वर्तमान सरकारका विरुद्ध जनतामा आक्रोश चुलिदा छ ।

साम, दाम, दण्ड, भेद लगायत सबै हथ्कण्डा प्रयोग गरेर जनप्रनिधि बनेकाहरूको मनमौजी यति धैरै बढेर गएको छ कि राज्यको स्रोत साधनमाथि ब्रम्हलुट मच्चाइएको छ । यहाँसम्मकि विदेशी दाता राष्ट्रहरूले गरेको अनुदान सहयोग र ऋणमा समेत सबै तहका शासकहरू भ्रष्टाचार र कमिसनको निर्लिप्त भएर लागिपरेका छन् । यहाँसम्म कि न्यायालय समेत भ्रष्टाचारका कारण बद्नाम बन्न पुगेको छ । न्यायालय भ्रष्टाचारीहरूको अखडामा परिणत हुन पुगेको छ । अर्थात् व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामाथि जनताको विश्वास उठिसकेको छ । जनसर्वसाधारणले राज्यका कुनै पनि अंगबाट न्याय पाउने स्थिति छैन । जनसर्वसाधारण सरकारी निकायहरूबाट नै पाइला पाइलामा ठगिएका छन्, लुटिएका छन् । संसदवादी पार्टीका कार्यकर्ताहरू विचौलियामा परिणत भएका छन् । उनीहरूबाट पनि ठाउँ ठाउँमा जनता पीडित बनिरहनु परेको छ । यहाँसम्म कि सत्ता र व्यवस्थाका खराबी तथा बेथितिहरूको कुरा उठाउँदा समेत जनता कुटिनु पर्ने, पिटिनुपर्ने र मारिनु पर्ने स्थिति बढेर गएको छ । जनसर्वसाधारणले दलका विचौलियाहरूबाट समेत असुरक्षित महसुस गर्न थालेका छन् ।

जनताले अहिलेको सत्ता, व्यवस्था र संविधानको विकल्प खोजेका छन् । तर भरपर्दो नेतृत्वदायी वैकल्पिक राजनीतिक शक्ति पाउन सकिरहेका छैनन् । जनता संसदीय व्यवस्थाभित्रैको विकल्पलाई विश्वास गर्ने र साथ दिने अवस्थामा छैनन् । मध्ययुगीन यो सत्ताको क्रान्तिकारी विकल्प उनीहरूले खोजिरहेका छन् । जनता दशवर्षे जनयुद्धमार्फत् त्यो विकल्प हासिल हुनेमा विश्वस्त थिए । तर तत्कालीन नेतृत्वले गरेको धोका र गद्दारीका कारण जनयुद्धले सेटब्याक खान पुग्यो र फेरि पनि घुमिफिरी मरणासन्न अवस्थामा पुगेको संसदीय व्यवस्था नै पुनर्स्थापित हुन पुग्यो । संघीय गणतन्त्रको रूपमा रहेको यो पुनर्स्थापित संसदीय व्यवस्था देश र जनताको लागि यतिखेर 'दुःखको ठूलो कारण' बनिरहेको छ । यसलाई उखेलेर फाल्नका निम्ति जनताले फेरि पनि कमजोर अवस्थामा भएपनि क्रान्तिकारी राजनीतिक शक्तिहरूलाई नै हेरिरहेका छन् । त्यसमा पनि विचार, राजनीतिक, संगठन र संघर्षका हिसाबले दशवर्षे जनयुद्धको सच्चा उत्तराधिकारीको रूपमा रहेको नेकपा (क्रान्तिकारी माओवादी)लाई नै आमूल परिवर्तनका पक्षधर जनताले ठूलो आशा र अपेक्षाका साथ हेरिरहेका छन् । तर जनताको आशा र अपेक्षा अनुसार क्रान्तिकारी माओवादीले आफूलाई व्यवस्थित, सुदृढ तुल्याउन सकेको छैन । यस दिशातर्फ क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूले गम्भीरताका साथ विशेष जोड दिन जरुरी छ । इतिहासले सुम्पेको यो जिम्मेवारी पूरा गर्न सिंगो पार्टीपंक्ति छरिएर रहेका सबै क्रान्तिकारीहरूलाई गोलबन्द गर्दै नदीको छालमय गतिमा पहलकदमीका साथ अगाडि बढ्न जरुरी छ ।

# सीको भ्रमणले सरकारी कम्युनिस्टहरूको भविष्य कठिन बनाएको छ



● हुकुमबहादुर सिंह ●

*नेपालका अहिलेसम्मका सरकारमा गएका र सरकारको नेतृत्व गरेका पार्टीका नेताहरूको काम नेपाली जनताको मन जित्ने कहिल्यै रहेन, दिल्लीको मन कसरी जित्न सकिन्छ र सरकारमा कसरी लामो समय टिक्न सकिन्छ भन्ने रहदै आएको स्पष्ट छ । उनले आफ्ना अभिव्यक्तिका दौरानमा यो पनि भने कि चिनीयाँ कम्युनिस्ट पार्टी स्वच्छता, प्रतिबद्धता, अनुशासन र जनसेवामा निरन्तर जुटेका कारण चिनले अभूतपूर्व सफलता प्राप्त गरेको हो । गफ भन्दा काममा लाग्ने अग्रसरता नै एउटा सरकार सञ्चालन गर्ने पार्टीको काम हो । तर नेपालका संसदीय पार्टीहरूका नेताहरूको अहिलेको वास्तविकता केहो त भन्दा बहुसख्यक संसदवादी नेताहरू स्वार्थी छन् , जनताका दुःख पीडाप्रति उदासिन देखिन्छन् । केबल उनीहरू आफ्ना विगतका इतिहासको व्याजबाट आफ्नो हैसियत बचाउन चाहन्छन्*

चिनीयाँ राष्ट्रपति सी चिनफिङले आश्विन २५ गतेदेखि २६ गतेसम्मको करीब २२ घण्टा नेपालको राजधानी काठमाण्डौमा बिताए । उनले विताएको यो समयमा उनले नेपाली जनताको मन छुने घेरै कामहरू गरे । नेपालका सत्ताधारी कम्युनिस्टहरूको देश र जनताप्रति के हो दायित्व भन्नेवारे उनीहरूका कानमा तेल हालिदिने काम मात्रै गरेनन, एउटा कम्युनिस्ट पार्टी जसले संसदीय व्यवस्थामा भागलिएर सरकार सञ्चालन गर्ने उद्येश्य राखेर काम गर्दछ, 'जनताको मन जिते मात्रै सत्तामा टिकिन्छ ।' भनेर ओली-प्रचण्ड सरकारको दुई तीहाइको दम्भमा जनविरोधी कानुनहरूको निर्माण, मजदुर, किसान तथा गरीब जनताका विरुद्ध बिचौलीयाहरू, भ्रष्टहरू र जनविरोधी तत्वहरूलाई फाइदा पुग्ने निर्णयहरू गरेर बदनाम हुँदै गइरहेको ओली-प्रचण्ड सरकारलाई केही सचेत बनाउने काम पनि गरेका छन् ।

नेपालका अहिलेसम्मका सरकारमा गएका र सरकारको नेतृत्व गरेका पार्टीका नेताहरूको काम नेपाली जनताको मन जित्ने कहिल्यै रहेन, दिल्लीको मन कसरी जित्न सकिन्छ र सरकारमा कसरी लामो समय टिक्न सकिन्छ भन्ने रहदै आएको स्पष्ट छ । उनले आफ्ना अभिव्यक्तिका दौरानमा यो पनि भने कि चिनीयाँ कम्युनिस्ट पार्टी स्वच्छता, प्रतिबद्धता, अनुशासन र जनसेवामा निरन्तर जुटेका कारण चिनले अभूतपूर्व सफलता प्राप्त गरेको हो । गफ भन्दा काममा लाग्ने अग्रसरता नै एउटा सरकार सञ्चालन गर्ने पार्टीको काम हो । तर नेपालका संसदीय पार्टीहरूका नेताहरूको अहिलेको वास्तविकता केहो त भन्दा बहुसख्यक संसदवादी नेताहरू स्वार्थी छन् , जनताका दुःख पीडाप्रति उदासिन देखिन्छन् । केबल उनीहरू आफ्ना विगतका इतिहासको व्याजबाट आफ्नो हैसियत बचाउन चाहन्छन् ।

सीले अर्को महत्वपूर्ण कुरा के भने भने क्रान्ति सफल बनाएको घमण्डले मात्रै देश र जनताको समृद्धि हासिल हुँदैन । तर नेपालका सरकारी कम्युनिस्टहरूको वास्तविकता के हो भने २०६२/०६३को जनआन्दोलन र २०५२सालपछिको माओवादी जनयुद्धको सफलताको बखान गर्नमा समय बिताउछन् । उनीहरू खासगरी शिर्ष नेतृत्वमा भागबण्डाको राजनीतिले दुनियाँ हसाउने काम गरिरहेका छन् । यो सरकारको संरक्षणमा हत्याहिंसा, बलात्कार, तष्करी, भ्रष्टाचार नेपाली समाजमा आम बन्दै गएको विषय भएको छ । गांउ सहर सबैतीर वर्तमान कम्युनिस्ट नामधारी सरकारको नेतृत्ववर्ग व्यक्तिगत स्वार्थ, सुख सुबिधामा लिप्त भएका छन् । कम्युनिस्ट भनेका सादा जीवन उच्च विचारका प्रायबाची हुन । कम्युनिस्ट भनेका जे भन्दछन्, त्यो गर्दछन र जे गर्दछन् त्यही भन्दछन् तर यी भने जे भन्दछन् त्यो गर्दैनन तर जे भन्दैनन त्यही गर्दछन् । भ्रष्टाचारलाई शून्य सहनशीलतामा लैजाने भन्छन् व्यावहारमा देशका हरेक स्वदेशी तथा विदेशी सहयोगमा गरिने विकासका कामहरूलाई के कति कीमसन त्यसबाट आफूलाई मिल्छ, त्यही कमिसनको आधारमा परियोजनाहरू छनोट गर्दछन् । प्रचण्ड र ओली यति बदनाम बनेका छन् कि यिनीहरूलाई अब कम्युनिस्ट भन्न पनि कठिन बनेको छ । न उनीहरू राष्ट्रियताका लागि काम गरिरहेका छन् न त जनतन्त्रका लागि । न जनताका जनजीवीकाको लागि । राष्ट्रियता, जनतन्त्र र जनजीवीका विरोधीहरू कसरी कम्युनिष्ट हुन सक्छन् । सीले भन्दै आएको "जो पैसा कमाउन चाहन्छ उ कम्युनिष्ट पार्टीमा नआवोस", ओली-प्रचण्डका लागि त जसले आफूलाई पैसा दिन सक्छ, उ उनीहरूको पार्टीमा आवोस, नेतृत्वमा जवोस भएको छ । ठेकदार बनेर अकुत समपत्ति थुपारेकाहरू, आयएनजीओ तथा एनजीओहरूमा काम गरेर प्रसस्त पैसा कमाएकाहरू उनीहरूबाट प्राप्त कमिसनका आधारमा पार्टी नेता छान्ने, मन्त्री छान्ने, संसदमा टिकट दिने, राजदुत नियुक्त गर्दा पनि पैसा लिनेआदि सीका भ्रष्टाचार विरोधी अभियानका विरुद्धका कृयाकलापहरू छन् ।

चिनीयाँ कम्युनिस्ट पार्टी माओदेखि अहिलेसम्म चीन र चिनीयाँ जनताको पक्षमा सोच्दछ, बोल्दछ र काम गर्दछ । सी ले चीनका कम्युनिस्ट नेता तथा कार्यकर्तालाई भनेको -"यदि पैसा कमाउन छ भने कम्युनिस्ट पार्टीको सदस्य नबन, व्यापार, व्यावसाय गर ।" यो भनाइमा सीको आफ्नो देश चीनलाई भ्रष्टाचार मुक्त चिनीयाँ समाजको परिकल्पना देखिन्छ । सी र चीनयाँ जनता राष्ट्रवादी छन्, राष्ट्रको हितमा सोच्दछन, बोल्छन र गर्दछन् भन्ने आम विश्वलाई थाहा छ र स्वयम सी र चीनयाँ कम्युनिस्ट पार्टीका नेताहरूलाई पनि स्पष्ट छ । तर नेपालका यी नेताहरू यसवारे कति वेवास्ता राख्छन् भन्ने त यहि समयको सीको भ्रमणका समयमा उठाउनु पर्ने विषयलाई उठाउने शाहस नै गरेनन । त्यो के भने नेपाली भूभाग लिपुलेकलाई भारत र चीनको बीचमा भएको सम्झौता अनुसार भारतीय भूभागका रूपमा स्विकार्दै त्यसलाई भारत र चीनका बीचको व्यापारिक नाकाको रूपमा स्विकार गरिनु गलत भएकोमा सच्चयाउने प्रस्ताव समेत सीका अगाडि पेश गर्न सकेनन । सी काठमाण्डौ सरकारी पार्टीका मानिसहरूलाई भेट दिंदै थिए, उता लिपुलेकमा भारतीय सेनाहरू नेपाली भूभागमा मार्च पास गरिरहेका थिए ।

जसरी ओली-प्रचण्डहरू विगतमा मोदीले बोलेका कुरामा थपडी मार्न व्यस्त भएका थिए त्यसैगरी अहिले सीका भनाइहरूमा थपडि मार्न आफूलाई व्यस्त बनाए । तैयारीका साथ देशका लागि फाइदाजनक एजेण्डाहरू पेश गर्न उनीहरू असफल बने । सीका एजेण्डाहरूमा ताली बजाउने काम मात्रै भयो । यद्धपि सी मोदी होइनन, उनले पेश गरेका र उनले भनेका छन् हामी जे भन्छौ त्यो व्यवहारमा गरेर देखाउछौ । यसले ओली र प्रचण्डका लागि भविष्य कठिन बनेको छ, चीनका यी सहयोगका हातहरू नेपाल र नेपाली जनताका लागि लाभदायक छन् र यी कार्यान्वयनमा ल्याउदा ओली र प्रचण्डका हातहरू काम्ने छन् कतै यसले अमेरिका र भारतका इच्छाहरू, जो नेपाल र नेपाली जनताका विरुद्ध छन्, तिनलाई कसरी अगाडि बढाउने ? साथै सी र मोदीको वर्तमान भेटमा पनि जसरी उनीहरूले नेपालको महत्वलाई चीन र भारतको अधिनस्थ बनाउने तरिकाले दुई पलस एक भनेर व्याख्या गरका थिए, त्यसलाई साहासका साथ त्यो के हो स्पष्ट पार्नका लागि सीसित आग्रह गर्ने काम वा गलत भए त्यसको खण्डन गर्ने हिम्मत नत ओली सरकारले गऱ्यो नत प्रतिपक्षले नै । नेपाल एउटा स्वतन्त्र राष्ट्रका हिसावले भारत र चीनको बराबरीको हैसियतमा हो न कि चीन र भारत पलस नेपाल । यो ज्यादै खतरनाक संकेत हो र नेपालले मोदी र सी बीच भएका सम्झौता र सहमतिलाई बाहिर ल्याउन लगाउनु पर्नेछ । माथि उल्लेखित विभिन्न कारण, जसलाई चिर्न ओली सरकार असमर्थ छ, यसबाट सीको भ्रमणले सरकारी कम्युनिस्टहरूको भविष्य कठिन बन्न गएको स्पष्ट हुन्छ ।

singhhukum683@gmail.com


# शुभकामना

दीपावली तथा छठ पर्व २०७६ को पावन अवसरमा समस्त ग्राहकवर्ग तथा सम्पूर्ण शुभेच्छुकहरूमा सु-स्वास्थ्य, समृद्धि तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


प्रो. परू खनाल
H एण्ड S पोल्ट्री ग्रुप
रत्ननगर, चितवन

प्रो. शान्ति शर्मा
रोमस्ता फार्मेसी
रत्ननगर न.पा.-२ चितवन
मो. ९८४५०८२९५२

प्रो. जयन्त विष्ट
जमघट चाइनिज फास्टफुड एण्ड ममः सेन्टर परिवार
टी.न.पा.-१, कैलाली, फोन नं. ९८६८७६५२६३
विभिन्न परिकारहरू जस्तैः- चिया, समोसा, अम्लेट, स्प्रिङ रोल , चिकन चिल्लीलगायत पाइन्छन् ।

वडाध्यक्ष- गुप्तनाथ भट्टराई
रत्ननगर मेडिसिन सेन्टर
रत्ननगर-२, चितवन

रोशन प्रिटिङ्ग प्रेस परिवार
बनेपा, बसपार्क



प्रो. रामप्रसाद चौधरी
रतगैया झोला उद्योग, टीकापुर,

प्रो. अनिल रावल
जानकी ट्रेडर्स सप्लायर्स
टीकापुर-१, कैलाली, फोन नं. ९८४८४३०७३८

प्रबन्ध निर्देशक नगेन्द्र बहादुर शाही
साथी अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि. परिवार
टी.न.पा.-१, कैलाली, फोन नं. ९८४८४६५२०३

# कम्युनिष्ट र क्रान्तिकारी



● कृष्णदास श्रेष्ठ ●

**कम्युनिस्टहरू आधुनिक युगको सबभन्दा वैज्ञानिक तथा क्रान्तिकारी विश्व–दृष्टिकोण अर्थात् मार्क्सवादी विश्व दुष्टिकोणबाट निर्दे्शित रहेका हुन्छन् भने अन्य क्रान्तिकारीहरू गैरसर्वहारा दृष्टिकोणबाट निर्दे्शित रहन्छन् । यसरी कम्युनिस्टहरू एक उच्च आदर्श लिएर नयाँ विश्व निर्माण गर्ने महान् उद्देश्यका साथ क्रान्तिकारी–व्यावहारिक क्षेत्रमा क्रियाशील रहने जोधाहा हुन् । तिनीहरूको आदर्श भनेको मार्क्सवादको आदर्श हो, कम्युनिज्मको आदर्श हो**

सामान्यतः कम्युनिस्ट त्यस्तो व्यक्तिलाई भनिन्छ जो शोषण र उत्पीडनमा आधारित सामाजिक व्यवस्थाको उन्मूलन गरी शोषणरहित, वर्ग्विहीन तथा समृद्ध समाजको निर्माण गर्ने सङ्घर्षमा संलग्न रहेको हुन्छ । उनी मार्क्सवार्द, कम्युनिज्म र क्रान्तिको पक्षमा रहन्छन् र कम्युनिस्ट समाज निर्माण गर्ने सर्वहारा वर्गको ऐतिहासिक उद्देश्य सिद्ध गर्ने आन्दोलन र कार्यमा सहभागी रहन्छन् । कम्युनिस्ट कार्यकर्ता भनेको सर्वहारा वर्गको राजनीतिक पार्टीको सदस्यको हैसियतबाट राजनीतिक क्षेत्रमा क्रियाशील कार्यकर्ता हुन् । यहाँ कुन कुरा ध्यानयोग्य छ भने जोकोहीले आफू कम्युनिस्ट हुँ भन्दैमा उनी कम्युनिस्ट हुन् भन्ने प्रमाणित हुँदैन । कम्युनिस्ट हुन कम्युनिस्ट पार्टीको सदस्य हुनुपर्छ । त्यो सदस्यता उनी कम्युनिस्ट हुन् भन्ने कुराको एउटा पहिचान हो । जो व्यक्ति कम्युनिस्ट सङ्गठनको सदस्य रहेको हुँदैन, उसलाई कम्युनिस्ट भन्न मिल्दैन । तर, कुनै व्यक्तिले कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गर्दैमा, उनी सच्चा कम्युनिस्ट बनेका छन् भन्ने सावित हुँदैन । उनले प्राप्त गर्ने सदस्यता उसको कम्युनिस्ट बन्ने चाहनाको एउटा अभिव्यक्तिमात्र हो । सो सदस्य सच्चा कम्युनिस्ट कार्यकर्तामा उनको विकास भएको भन्ने प्रमाण होइन, त्यो त त्यसतर्फ उसको विकासको एउटा प्रारम्भिक पाइलामात्र हो । सच्चा र योग्य कम्युनिस्ट कार्यकर्तामा आफूलाई विकसित गर्नका लागि उनले, पार्टी सदस्य बनिसकेपछि, आफूलाई क्रान्तिकारी व्यवहार र वैचारिक रूपान्तरणको प्रक्रियाबाट गुजार्नुपर्छ । जीवन र व्यवहार महान् शिक्षक हुन् र त्यसमा सक्रियता र लगनका साथ लागेर उनले जीवन्त अनुभव र कार्यक्षमता तथा कुशलता हासिल गर्नेछ ।

व्यावहारिक क्रियाकलापमा सक्रिय सहभागिताका साथै उनी आफ्नो दिमागमा, आफ्नो चिन्तनमा रहेका गैरसर्वहारा धारणा तथा विचारहरू हटाएर आफूलाई वैचारिक दृष्टिले सर्वहाराकृत गर्नका लागि क्रान्तिकारी वैचारिक रूपान्तरणको प्रक्रियाबाट गुज्रनुपर्छ । क्रान्तिकारी व्यवहारमा लाग्नुका साथसाथै उनले आफ्नो मार्क्सवादी समझदारीलाई बढाउने कार्यमा उचित ध्यान र चेष्टा लगाउनु आवश्यक छ । यो मार्क्सवादी सिद्धान्तबारे ज्ञान हासिल गर्ने प्रक्रिया हो । महान् अन्तर्राष्ट्रिय कम्युनिस्ट योद्धा जार्जी दिमित्रोवद्वारा सूत्रबद्ध गरिएको ‘जुध्नु र सिक्नु’ भन्ने सूत्रको वास्तविक सार यही हो । यो कम्युनिस्ट सिद्धान्त, आदर्श र भावनाबाट आफूलाई सुसज्जित पार्ने प्रक्रिया हो अर्थात् सच्चा कम्युनिस्टमा विकासको प्रक्रिया हो ।

कम्युनिस्ट पार्टीको सदस्य बन्नुको आफ्नो एउटा छुट्टै पहिचान छ । वास्तवमा कम्युनिस्ट बन्नु भनेको आफूलाई त्यस्ता जोधाहाहरूको पङ्क्तिमा सामेल गर्नु हो, जो क्रान्तिप्रति, जनमुक्तिको महान् लक्ष्यप्रति गहिरो आस्था र अडिग प्रतिबद्धता राख्छन् र जो त्यसप्रति समर्पित रहन्छन् । कम्युनिस्ट पार्टीको सदस्य बन्नु भनेको एउटा ठूलो र गहन जिम्मेवारीको भार आफ्नो काँधमा उठाउनु हो, किनभने सो सदस्यताले सम्बन्धित सदस्यलाई श्रमिक जनताको मुक्ति सङ्घर्षको अघिल्लो मोर्चामा उभ्याइदिन्छ । त्यसले उसलाई उसको काँधमाथि परेको जिम्मेवारीलाई राम्ररी पूरा गर्न चाहिने गुणहरूको आफूमा विकास गर्नुपर्ने कर्तव्य थपिदिएको हुन्छ ।

पुरानो समाजको ठाउँमा नयाँ र कम्युनिस्ट समाजको निर्माण गर्नु भनेको महान् क्रान्तिकारी काम हो र यो सर्वहारा वर्गको राजनीतिक प्रतिनिधिको हैसियत राख्ने कम्युनिस्टहरूको काँधमाथिको जिम्मेवारी हो । यही उद्देश्यमा लागेका कारणले गर्दा कम्युनिस्टहरूलाई क्रान्तिकारी मानिएको हो । तर, हामी कम्युनिस्टहरूमात्र क्रान्तिकारी, अरु क्रान्तिकारी होइनन् भनेर कसैले सोच्छ भने त्यो बिलकुल गलत हुन्छ । क्रान्तिकारी भनेको त्यस्तो व्यक्तिको पहिचान हो, जो तत्कालीन समाजको क्रान्तिकारी रूपान्तरणको पक्षमा क्रियाशील रहन्छ । दास युगमा दास व्यवस्थाको विरुद्ध र मध्यकालीन युगमा सामन्ती व्यवस्थाको विरुद्ध ठूल्ठूला क्रान्तिहरू भएका छन् र तिनको इतिहासमा महान् क्रान्तिकारीहरूका त्याग र बलिदानका गौरव गाथाहरू थुप्रै छन् । अहिले पनि साम्राज्यवाद, प्रभुत्ववाद तथा प्रतिक्रियावादका विरुद्ध आत्मबलिदानी भावनाका साथ लडिरहेका थुप्रै क्रान्तिकारी छन्, जो कम्युनिस्ट होइनन्, तर क्रान्तिकारी उद्देश्यका साथ सक्रिय छन् । यहाँ एकाध तथ्य ध्यानयोग्य छन् । पहिलो, जो कम्युनिस्ट बन्न चाहन्छ, उनी क्रान्तिकारी हुनैपर्छ, किनभने क्रान्तिकारी नभएको व्यक्ति कदापि कम्युनिस्ट हुँदैन, तर सबै क्रान्तिकारीहरू कम्युनिस्ट हुँदैनन् । अ

अर्को कुरा, आधुनिक युगमा श्रमिक जनताको मुक्तिका लागि कम्युनिस्टहरूले जुन प्रकारले र जुन उचाइमा त्याग र बलिदान, साहस, जुझारु मनोबल तथा भावना, शत्रुसामु नलत्रने दृढता आदिको प्रदर्शन गरेका छन् (अहिले पनि गरिरहेका छन) । ती निश्चय पनि अद्वितीय खालका छन् र त्यसको तुलनामा कममात्र अन्य क्रान्तिकारीहरू आउन सकेका छन् ।

उपरोक्त तथ्यका अतिरिक्त कम्युनिस्टहरू अन्य क्रान्तिकारीबाट केही खास कुरामा भिन्न छन् । कम्युनिस्टहरू र अन्य क्रान्तिकारीबीच एउटा खास भिन्नता के छ भने कम्युनिस्टहरू कम्युनिस्ट समाजको निर्माण गर्ने ऐतिहासिक सन्देश बोकेका सर्वहारा वर्गका प्रतिनिधि हुन् । यो नयाँ, कम्युनिस्ट विश्वको निर्माण गर्ने कुरा हो अन्य वर्गको प्रतिनिधित्व गर्ने क्रान्तिकारीहरूको उद्देश्य त्यस्तो रहेको छैन । उदाहरणार्थ, किसान वर्गलाई लिउँ सामन्तवादको विरुद्ध लडिरहेको किसान क्रान्तिकारीहरूको सम्पूर्ण उद्देश्य सामन्ती व्यवस्थाको उन्मूलन गर्नुसम्ममा सीमित रहन्छ । अहिले विभिन्न मुलुकहरूमा राष्ट्रिय स्वाधीनता र सामाजिक प्रगतिका लागि लडिरहेकाहरूमा कम्युनिस्टहरूलगायत अन्य क्रान्तिकारीहरू पनि छन्, तर ती क्रान्तिकारीहरूद्वारा अपनाइएको उद्देश्यमा वर्ग्विहीन समाजको निर्माण गर्ने कुरा छैन ।

तिनका बीच यो भिन्नता कुन कुरामा अभिव्यक्त हुन्छ भने कम्युनिस्टहरू आफ्नो अन्तिम लक्ष्यका लागि निरन्तर क्रान्तिमा लाग्ने गर्छन् भने अन्य क्रान्तिकारीहरूको क्रान्तिकारिता तात्कालीन उद्देश्यको प्राप्तिसम्ममा मात्र सीमित रहन्छ । कम्युनिस्ट र अन्य क्रान्तिकारीका बीच अर्को भिन्नता कुन तथ्यमा रहेको छ भने कम्युनिस्टहरू आधुनिक युगको सबभन्दा वैज्ञानिक तथा क्रान्तिकारी विश्व–दृष्टिकोण अर्थात् मार्क्सवादी विश्व दुष्टिकोणबाट निर्दे्शित रहेका हुन्छन् भने अन्य क्रान्तिकारीहरू गैरसर्वहारा दृष्टिकोणबाट निर्दे्शित रहन्छन् । यसरी कम्युनिस्टहरू एक उच्च आदर्श लिएर नयाँ विश्व निर्माण गर्ने महान् उद्देश्यका साथ क्रान्तिकारी–व्यावहारिक क्षेत्रमा क्रियाशील रहने जोधाहा हुन् । तिनीहरूको आदर्श भनेको मार्क्सवादको आदर्श हो, कम्युनिज्मको आदर्श हो । यो कुनै मामुली, काल्पनिक वा अप्राप्य आदर्श होइन । यो मानवजातिको ऐतिहासिक विकासको अहिलेको मागको पूर्तिस्वरूप हासिल गरिने आदर्श हो अर्थात् अर्को शब्दमा, यो मानव जातिको अब आउने भविष्यको यथार्थता हो ।




# शुभकामना

दीपावली तथा छठ पर्व २०७६ को पावन अवसरमा समस्त वडावासीहरू तथा सम्पूर्ण शुभेच्छुकहरूमा सु-स्वास्थ्य, समृद्धि तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष– केशव आचार्य
रत्ननगर नगरपालिका
वार्ड १० परिवार
चितवन

वडाध्यक्ष– हरिकुमार श्रेष्ठ
रत्ननगर नगरपालिका
वार्ड १४ परिवार
चितवन

वडाध्यक्ष– गुप्तनाथ भट्टराई
रत्ननगर नगरपालिका
वार्ड ३ परिवार
चितवन

## हार्दिक शुभकामना

दिपावली तथा छठपर्व २०७६ को पावन अवसरमा
समस्त वडावासीमा सुस्वास्थ्य, समृद्धि एवं दिर्घायुको हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष रमेश अर्याल

**गोकर्णेश्वर नगरपालिका वडा नं ६ काठमाडौं**

## हार्दिक शुभकामना

दिपावली तथा छठपर्व २०७६ को पावन अवसरमा
समस्त वडावासीमा सुस्वास्थ्य, समृद्धि एवं दिर्घायुको हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष नारायणबहादुर सुवेदी

**गोकर्णेश्वर नगरपालिका वडा नं ५ काठमाडौं**

## हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा ग्राहकवर्ग देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

### टिकापुर नगरवासीको लागि अत्यन्त जरुरी सूचना

टिकापुर नगरपालिकाले छोरा र छोरी प्रति गरिने असमानस व्यवहारको अन्त्य गर्न चालु आर्थिक वर्ष २०७६/२०७७ देखि टिकापुर नगर क्षेत्र भित्र जन्मेका छोरीहरूलाई २० वर्षसम्म प्रतिवर्ष रु.१००० का दरले रकम उपलब्ध गराउने गरी **"हाम्री छोरी प्यारी छोरी"** कार्यक्रम सञ्चालनमा ल्याएको व्यहोरा जानकारी गराउँदै उक्त कार्यक्रममा तपसिल बमोजिमको आवश्यक कागजातहरूको आवश्यकता पर्ने भएको हुँदा उक्त कागजात लिइ "हाम्री छोरी प्यारी छोरी" अन्तर्गतको सुविधा लिन हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**आवश्यक कागजातहरू :**

१. नगरपालिकाबाट उपलब्ध गराइएको ढाँचा बमोजिमको निवेदन,
२. जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. अन्य जिल्लाबाट बसाइ सरी आएको भए बसाइसराइ दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. बाबु /आमाको र छोरी दुबैको हालसालै खिचिएको फोटो,
५. शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

**तपेन्द्रबहादुर रावल**
नगरप्रमुख

**केशरी विष्ट रावल**
नगरउपप्रमुख

**टिकापुर नगरपालिका**

## हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा ग्राहकवर्ग देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

**प्रो. विनोदकुमार शाह**

**श्रीकृष्ण बागवनी**
**केरा फर्म परिवार**

टीकापुर, कैलाली, फोन नं. ९८१५६७४४५३

## हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा ग्राहकवर्ग देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

**ठेकेदार- वाधुराम चौधरी**

**प्रकृति निर्माण सेवा**

टीकापुर न.पा.-१, कैलाली, मो. ९८५८०६०६९१
**घरहरू तथा संघसंस्थाहरूको ठूलठूला भवनहरू निर्माण गरिन्छ ।**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा यस नगरपालिका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**वडाध्यक्ष- विजयकुमार राना**

**मधुवन नगरपालिका वार्ड नं.८ परिवार**

बर्दिया

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

**शिखर पोल्ट्री ब्रिडिङ प्रा.लि.**

रत्ननगर नगरपालिका-१, चितवन

| | | |
|---|---|---|
| शिखर ह्याचरी प्रा.लि. | हाइले ब्रिडर नेपाल प्रा.लि. | राप्ति पोल्ट्री ब्रिडिङ एण्ड रिसर्च प्रा.लि. |

दाङ, फोन नं. ०५६-५६२५४३

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा यस नगरपालिका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**वडाध्यक्ष- भक्तबहादुर सुनार**

**मधुवन नगरपालिका वार्ड नं.६ परिवार**

बर्दिया

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा यस नगरपालिका सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**वडाध्यक्ष- राजेन्द्र हमाल**

**मधुवन नगरपालिका वार्ड नं.७ परिवार**

बर्दिया

# चीनले भन्यो : नेपाल अब रणनीतिक साझेदार

काठमाडौं । बेइजिङले चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमण रणनीतिक साझेदारीको उचाईंमा उक्लिन सफल भएको निष्कर्ष निकालेको छ । नेपालसँगको विकास, आर्थिक सहकार्यअन्तर्गत विस्तृत साझेदारी हुँदै रणनीतिक साझेदारीमा उक्लिन भ्रमण उपयोगी रहेको उनीहरूको बुझाइ छ ।

चिनियाँ विदेशमन्त्री वाङ यी र चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख सोङ थाओले आआफ्ना मातहतमा भ्रमण सफल भएको भन्दै सहमति र सम्झौता फलोअपमा दत्तचित्त हुन निर्देशन दिएको बेइजिङ स्रोतले जनाएको छ। समकक्षीहरूसँग भ्रमण सफलताको व्याख्यासमेत उनीहरूले गरेको न्यूज एजेन्सीहरले बताएका छन् । नेपालमा लामो समयदेखि यो स्तरको भ्रमण नभएको र अर्को छिमेक अनि मित्र राष्ट्रहरूको प्रभाव परिरहेको अवस्थालाई मध्यनजर गर्दै भएको भ्रमण फलदायी भएको समीक्षा उनीहरूले गरेका छन् । बीआरआईमा नेपालको दृढ साथ रहेको र नेपालसँगका परियोजना अगाडि बढाउनुपर्ने चिनियाँहरूले समीक्षामा गरेका छन् ।

विदेशमन्त्री वाङले आफ्नो मन्त्रालयमा र थोङले पार्टीमा यस्तो समीक्षा गरेका थिए । भ्रमणको समीक्षा लिखित रूपमा मन्त्रीहरू र सम्बन्धित निकायमा प्रस्तुत भएको जानकारी बेइजिङले दिएको छ । नेपाललाई चीनले राजनीतिक प्राथमिकता दिएको बताइएको छ ।

उनीहरूले भ्रमण सफलतापूर्वक सम्पन्न गराएकोमा नेपाल सरकार, बेइजिङस्थित नेपाली दूतावास र काठमाडौंस्थित चिनियाँ दूतावासलाई धन्यवाद दिएका छन् । चिनियाँ अधिकारीले नेपाली सञ्चारमाध्यमले भ्रमणलाई उच्च प्राथमिकता दिएको र जनस्तरमा नेपाल-चीन सम्बन्धबारे अधिक जानकारीसमेत दिएको जनाएका छन् । उनीहरूले नेपाली सञ्चारमाध्यमप्रति कृतज्ञता पनि व्यक्त गरेका छन् ।

उनीहरूले सीको भारत भ्रमण पनि सफल र उपयोगी रहेको समीक्षा गरेका छन् । बजार विस्तारका साथै आफ्ना उत्पादन एसियाको ठूलो बजारमा पुऱ्याउन सहजीकरणको भूमिकाका लागि भारत-चीन मिलेर अघि बढ्नुपर्ने धारणा चिनियाँको छ। त्यही आधारमा भारतमा छलफल भएको र आसियान प्लस मुलुकमा उनीहरू अग्रसर रहेको सार्वजनिक भएको थियो ।

चीन भ्रमणमा रहेका उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलसँग चिनियाँ अधिकारीले भ्रमण सफल पारिदिन सहयोग गरेकोमा धन्यावाद दिएको बताइएको छ । उपप्रधानमन्त्री चीन पुग्नुलाई कूटनीतिक वृत्तमा अर्थपूर्ण मानिएको छ। रक्षामन्त्री चिनियाँ समकक्षी वे फेङको निमन्त्रणामा चीन गएका हुन् । रणनीतिक साझेदारी आर्थिक-सामाजिक विकासका निम्ति गरिएको भनिए पनि कतै सैन्य र राजनीतिक सहकार्यमा परिणत हुने त होइन भन्ने आशंका अन्य राष्ट्रको छ ।

नेपालले चीन र भारत दुवैसँगको सम्बन्धलाई रणनीतिक साझेदारीमा अघि बढाउने बताएको छ । सी भारतपछि नेपाल भ्रमणमा आएका थिए ।

यसैबीच, चीन सरकारले नेपाललाई एक सय ५० युआन बराबरको सैन्य सामग्री उपलब्ध गराउने भएको छ । चीन भ्रमणमा रहेका रक्षामन्त्री ईश्वर पोखरेल र त्यहाँका रक्षामन्त्री वी फेङ्हीबीच आइततबार नेपाली सेनालाई सैन्य सामग्री उपलब्ध गराउने सम्झौतामा हस्ताक्षर भएको हो ।

यसअघि नेपाल भ्रमणमा रहेको चिनियाँ राष्ट्रपति सी चिनफिङले सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेअनुसार आज औपचारिक सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता अनुसार चिनले मानवीय तथा विपद् व्यवस्थापनसँग सम्बन्धित सैन्य सामग्री उपलब्ध गराउने छ ।

# पाकिस्तानी सेनाको आक्रमणमा ९ भारतीय सेनाको मृत्यु



एजेन्सी । पाकिस्तानी सेनाको आक्रमणमा परेर ९ भारतीय सेनाको मृत्यु भएको पाकिस्तानी सेनाले दाबी गरेको छ ।

भारतीय सेनाले युद्धविरामको उल्लंघन गरेर शाहकोट र नौसेरी सेक्टरमा त्यहाँका नागरिकमाथि आक्रमण गरेपछि पाकिस्तानी सेनाले जवाफी कारवाही गरेको पाकिस्तानी सेनाका प्रवक्ता आसिफ गफुरले बताएका छन् ।

उनले ट्वीटरमा भनेका छन्,'भारतले शाहकोट र नौसेरी सेक्टरमा युद्धविरामको उल्लंघन गरेर नागरिकलाई निशाना बनाएको छ ।'

उता भारतीय सेनाले भने पाकिस्तानी सेनाले युद्ध विरामको उल्लंघन गरेको आरोप लगाएको छ ।

बीबीसी हिन्दीका अनुसार भारतीय सेनाले एक वक्तव्य जारी गर्दै पाकिस्तानी सेनाले जम्मु कस्मिरको गुनधीशत गाउँ र टन्गधरमा गोलबारी गरेको बताएको छ।

भारतीय सेनाका अनुसार पाकिस्तानी सेनाको गोली लागी एक सर्वसाधारण ५५ वर्षका मोहम्मद सादिकको मृत्यु भएको छ।

एएनआई समाचार संस्थाका अनुसार भारतीय सेनाको गोली लागी ४ पाकिस्तानी सेनाको मृत्यु भएको छ । एजेन्सी


हार्दिक शुभकामना
नेपाल सम्बत् ११४० (न्हूदँ) तथा शुभदीपावली २०७६ को
अवसरमा सम्पूर्ण वडावासीहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना ।
श्री नीलकाजी शाक्य
वडाध्यक्ष
वडा नं.२५
काठमाडौं महानगरपालिका

हार्दिक शुभकामना
नेपाल सम्बत् ११४० (न्हूदँ) तथा शुभदीपावली २०७६ को
अवसरमा सम्पूर्ण वडावासीहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना ।
श्री चीनियाँमान बज्राचार्य
वडाध्यक्ष
वडा नं.२७
काठमाडौं महानगरपालिका

हार्दिक शुभकामना
शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा विद्यार्थी, अभिभावक तथा देश विदेशमा रहनु हुने
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।
पिसल्याण्ड इङ्गलिस सेकेण्डरी स्कूल
मादी नगरपालिका-५,बसन्तपुर, चितवन

हार्दिक शुभकामना
शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा विद्यार्थी, अभिभावक तथा देश विदेशमा रहनु हुने
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।



हार्दिक शुभकामना
दीपावली तथा छठ पर्व २०७६ को पावन अवसरमा समस्त
विद्यार्थी, अभिभावक तथा देश-विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सु-स्वास्थ्य, समृद्धि तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल ज्ञानबहादुर केसी
सिद्धार्थ बोर्डिङ स्कुल परिवार
बनेपा, काभ्रे

हार्दिक शुभकामना
दीपावली तथा छठ पर्व २०७६ को पावन अवसरमा समस्त
विद्यार्थी, अभिभावक तथा देश-विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सु-स्वास्थ्य, समृद्धि तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
आदर्श विद्यामन्दिर स्कुल परिवार
बनेपा हाइट-११, काभ्रे

हार्दिक शुभकामना
विजया दशमी, दीपावली तथा छठ पर्व २०७६ को पावन अवसरमा समस्त
देशवासी तथा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सु-स्वास्थ्य, समृद्धि तथा दिर्घायुको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजकुमार सिलवाल- अध्यक्ष
ललितपुर महालक्ष्मी न.पा. वार्ड नं. ५ परिवार

हार्दिक शुभकामना
विजया दशमी, दीपावली तथा छठ पर्व २०७६ को पावन अवसरमा समस्त
वडाबासी एवं नगरबासीहरूमा सु-स्वास्थ्य, समृद्धि तथा दिर्घायुको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष- गोइमो तामाङ
शितल छाँया आमा समूह परिवार
काभ्रे

# निबन्ध : सुखी परिवार

**लु सुन**
**अनुवादक : हरिहर खनाल**

" अभिव्यक्तिको इच्छाले नै लेखकलाई लेख्नका लागि प्रेरित गर्दछ । स्तो काम सूर्यको प्रकाश जस्तै उज्यालोको अनन्त स्रोतबाट निस्केको ज्योतिपुन्जजस्तै हुन्छ । दर्शनढुंगामा चकमक ठोस्ता निस्केका आगाका झिल्काहरूसित यसलाई तुलना गर्न मिल्दैन । यस्तो मात्रै साँचो कला हो र यस्तो लखक मात्र सच्चा कलाकार हो । ' तर मैले आफूलाई कहाँनिर राखु ?'

यस्तो सोच्तासोच्तै ऊ ओछ्याउनबाट एक्कासी उफ्रेर तल झर्‍यो । उसको परिवारको भरणपोषणका लागि उसले जसरी हुन्छ । सिर्जनात्मक काम गरेर वा लेखेर केही कमाउनुपर्छ भन्ने कुरा उसको मनमा लाग्यो अनि उसले उसको कृतिको पान्डुलिपि यसपालि 'सुखी मासिक' मा पठाउने निर्णय गर्‍यो । त्यसको कारण के थियो भने यो पत्रिकाका प्रकाशकहरू परिश्रमिको मामलामा अरूहरूभन्दा केही उदार थिए । तर त्यो पत्रिकामा सीमित विषयमा मात्र लेख्न पायन्थ्यो । त्यसो नभएको खन्डमा लेख स्वीकृत हुँदैनथ्यो । ठीकै छ, सीमित विषयमा नै सही । हाम्रो समाजको युवा पिंढीका समस्याहरू के के हुन् ?' निश्चय नै समस्याहरू एक वा दुई मात्र छैनन् । कैयौं समस्याहरू छन् । माया प्रीति-विवाह, परिवार आदि विषयसित सम्बद्ध समस्याहरू । ' पक्कै पनि सैकडौं मानिसहरू यस्ता समस्याहरूबाट पिरोलिइरहेका होलान् । कतिपय मानिसहरू त यतिबेला पनि ती समस्याका विषयमा कुराकानी गरिरहेका होलान् । त्यसो भए परिवारकै समस्याहरूबारे लेखौं । तर कसरी लेख्ने होला ? फेरि लेखिसकेपछि त्यो अस्वीकृत हुनु पनि भएन नि । तर पहिले नै यस्तो अशुभ कुरामा मनमा किन खेलाउनुपर्‍यो ?

ओछ्यानबाट उफ्रेर चार-पाँच पाइला अगाडि गएपछि ऊ टेबुलअगाडि पुग्यो, मेचमा बस्यो, निलो धर्केकपीको पाना लियो र तत्कालै अलिकित धर्मराउँदै शीर्षक लेख्यो-सुखी परिवार ।

उसको कलम तत्काले टक्क रोकियो । उसले टाउको उठायो र दुवै आँखा सिलिङमा अड्यायो अनि उसको यो 'सुखी परिवार' को वातावरण र ठाउँका विषयमा सोच्न थाल्यो ।

'पेकिङ ?' उसले सोच्यो । 'पेकिङ ठीक कहुन्न होला । यो शहर त विल्कुलै निर्जीवजस्तो लाग्छ । वातावरणसमेत पूरै निर्जीव लाग्छ । यो शहरमा त्यो सुखी परिवारका लागिड अग्लो पर्खालले घेरिएको घरको कल्पना गर्ने हो भने पनि त्यो दुषित वातावरणबाट परिवारलाई बचाउने कुनै उपाय छैन । होइन । यस्तो कदापि हुन सक्दैन । च्याङसु र चच्याङ पनि ठीक हुन्न । तिनीहरूबीच जतिबेला पनि लडाई हुन सक्छ । फुचैन को त झनै कुरै भएन । सेचुवान ? क्वाङतुङ ? त्यहाँ पनि धुमधाम लडाइँ मच्चिइरहेको छ । शानतुङ वा हुनान कस्तो होला ?' अहँ हुन्न । यदि त्यहाँ 'सुखी परिवारका' पतिपत्नीमध्ये कुनै एक जनाको अपहरण यो भने 'सुखी परिवार' कसरी सुखी रहलान् ? साङ्घाई र तियानचिनका वस्तीहरूमा घरभाडा असाध्यै महंगो छ । त्यसो भए 'सुखी परिवार' लाई विदेशतिर बसाउने त ? यो त झन् हाँस उठ्दो कुरा भयो । युन्नान वा क्वेइश्चओका बारेमा मलाई केही पनि थाहा छैन । तर त्यहाँ संचार र यातायातको अवस्था असाध्यै खराब छ ।''

लेखकले खुबै दिमाग खियायो, तर एउटा राम्रो ठाउँबारे निर्क्योल गर्न सकेन । त्यसपछि उसले तत्कालका लागि ए लेख्ने निधो गर्‍यो । फेरि सोच्यो, आजकल धेरै मान्छेहरू कुनै ठाउँ वा मान्छेको नाम अंग्रेजी वर्णमालाका अक्षरबाट शुरू गर्ने कुराको कटु आलोचक छन् । मान्छेहरू त्यसो गर्दा पाठकहरूको चाख मरेर जान्छ भन्ठान्छन् । त्यस्तो झन्झटमा किन पर्ने ? मेरो कथामा म त्यस्तो कुरा राख्दिन । त्यसो भए ठाउँको नाम के राख्नु बेश होला ? हुनानमा पनि लडाइँ चलिरहेको छ । डाइरेनमा घरको भाडामा फेरि बृद्धि भएको छ । चाहार, किरिन र हेइलुङकियाङमा डाँकाहरूको आतंक छाएको छ भन्ने कुरा मैले सुनेको छु । त्यसैले तिनीहरू पनि 'सुखी परिवार' का लागि उपयुक्त ठाउँ हुने कुरा भएन' ।'

लेखकले राम्रो ठाउँ छान्नका लागि फेरि दिमाग खियायो, तर केही सीप चलेन । अन्त्यमा उसले तत्कालका लागि 'सुखी परिवार' लाई ए मा नै राख्ने निधो गर्‍यो ।

'जे होस् अब यो 'सुखी परिवार' को बसोबास ए मा नै हुन्छ । यस विषयमा अब अरू कुनै प्रश्न उठ्नु हुन्न । परिवारमा एक जना पति र एउटी पत्नी हुने नै भए । मालिक र मालिक्नी/ मायापिरती लगाउनका लागि प्रणयसुत्रमा बाँधिएका । तिनीहरूको विवाह सम्बन्ध चालिसभन्दा बढी विस्तृत सर्तहरूका अधिनमा रहने गरी भएको छ । यसले ती दुवैलाई पूर्ण स्वतन्त्रता र समानताको अधिकार प्रदान गरेको छ । थप, ती दुवै सुशिक्षित र उच्च खानदानका व्यक्तिहरू थिए । आजकल जापानमा पढेर फर्केका मान्छेको त्यति गन्ती नै हुँदैन । त्यसैले तिनीहरूलाई पश्चिमी दुनियाँमा शिक्षादीक्षा लिएर फर्केका बन्न दिऊ । पति सधै विदेशी सुटका ठाँटिएर बस्छ । त्यसको कमेजको कलर हिउँ जस्तै सेतो हुनुपर्छ । पत्नीचाहिंको अगाडिपट्टीको कपाल भँगेराको गुँडजस्तै कुर्लुङ कुर्लुङ परेको छ र उनका मोतीका दाना जस्ता दाँत सधै चम्किरहन्छन् । तर उनको वेषभूषा भने स्वदेशी नै छ ।''

'होइन होइन, त्यो हुनै सक्दैन । पूरै पच्चिस पसेरी छ ।' ढोका बाहिर कुनै पुरूष आवाज सुनेपछि अनायासै उसको ध्यान त्यतै तानियो । झ्यालमा झुन्डिएको पर्दाका घामका किरणहरू जग्मगाउँदै छरिएका थिए । त्यै बेला बाहिर दाउराको सानो भारी भुँइमा घर्त्याक्क बिसाएको आवाज सुनियो । 'त्यसले केही फरक पर्दैन ।' यस्तो सोचेर उसले फेरि आफ्नो ध्यान कागजतिर केन्द्रित गर्ने प्रयत्न गर्‍यो । 'के कुराको पच्चीस पसेरी ? '. तिनीहरू हुने खानेवर्गका सुसंस्कृत मान्छेहरू हुन् । कलाकौशलमा समर्पित मान्छेहरू । तर ती दुवै सुखी वातावरणबीच हुर्के बढेका हुनाले रूसी उपन्यासहरू तिनीहरूलाई मन पर्दैनन् । अधिकांश रूसी उपन्यासहरू तल्लो वर्गका मानिसहरूको बयान गर्छन् तसर्थ ती सबै तिनीहरूसित राख्न लायक छैनन् । 'पच्चीस पसेरी ?' केकही छैन । तिनीहरू कस्ता पुस्तक पढ्छन् ? वायरनका कविताहरू ? कि किट्सका ? त्यो हुन सक्दैन । ती दुवै खतरनाक छन् ।



ए', बल्ल घैंटामा घाम लाग्यो ती दुवै जोइ पोइले 'आदर्श पति' पढ्न रूचाउलान् । यद्यपि त्यो किताब म आफैले पढेको छैन, तथापि विश्वविद्यालयका प्राध्यापकहरूले त्यसको प्रशंसा गरेको मैले सुनेको छु । तसर्थ, ती दम्पत्तिले पनि त्यो पुस्तक मन पराउनेछन् भन्ने कुरामा म ढुक्क छु । पतिले पढ्छन् । पत्नीले पढ्छिन् । त्यसैले दुवैलाई एकएकप्रति चाहिन्छ । यसैले त्यो परिवारका लागि दुईप्रति 'पुस्तक' आवश्यक छन् ।'

लेखकलाई पेटमा छुचुन्द्र नाँच्न थालेको आभास भयो । हातको कलम थपक्क राखेर उसले दुवै हातका कुइना टेबुलमा टेकाएर दुवै हातले टाउको समात्यो । त्यसो गर्दा उसको टाउको दुई खुट्टीले अड्याइरहेको ग्लोब जस्तै देखियो ।

" पति पत्नी दुवैले बिहानको खाना खाँदैछन् ।' उसले सोच्यो । 'टेबुल फटिकजस्तो सेतो टेबुलपोसले ढाकिएको छ । भान्सेले खाना तयार गरिरहेको छ । चिनियाँ खाना । 'पच्चीस पसेरी तर के को ?' भैगो त्यो कुरा छाडिदिउँ । चिनियाँ खाना नै किन ? पश्चिमेलीहरू चिनियाँ खाना खुबै राम्रो मान्छन् । खाना मध्ये रोजी खाना । स्वास्थ्यकर । त्यसैले तिनीहरू चिनियाँ खाना रोज्छन् । खानाको पहिलो खेप आइपुग्छ । तर यो पहिलो परिकार के होला ?

'दाउरा ''

लेखकले पछाडि फर्केर हेर्‍यो । त्यहाँ उसकी पत्नी थिई । उसैलाई क्वारक्वार्ती हेरिरहेकी । 'के भयो ?' उनको आगमनले उसको एकाग्रता भंग भएको हुनाले अलिकति बेवास्तापूर्वक उसले सोध्यो ।

'दाउरा सकिएको थियो र अहिले अलिकति लिएको । अस्तिको पालि दश मुठाको दुई सय चालिस थियो । तर आज दुई सय साठी भन्छ । दुई सय पचास दिन ठीक होला कि ठान्छु, कसो होला'.?'

'ठीक छ, ठीक छ दुई सय पचास नै देऊ ।'

'तौला पनि कमजस्तो लाग्छ । पच्चीस पसेरी भन्छ, तर साढे तेइस भन्दा बढी छैन जस्तो लाग्छ मलाई त ।'

'ठीक छ साढे तेइस नै हुन देउ न त ।'

'पाँच पन्चे पच्चीस, तीन पन्चे पन्ध्र ।'

'ए बाबा, बुझें । पाँच पन्चे पच्चीस, तीन पन्चे पन्ध्र '.।'

लेखक हिसाबकितावमा अल्झिन पुग्यो । एकैछिन रोकिएर उसले फेरि कलम टिप्यो र 'सुखी परिवार' लेखिएको धर्के कापीमा हिसाब टिप्यो । केहीबेर हिसाब गरेपछि उसले टाउको उठायो र भन्यो-

'पाँच सय असी भयो ।'

'मसित त्यति पैसा छैन । अझै अली नब्बेजति पुग्दैन ।'

उसले टेबुलको घर्रा तान्यो र त्यहाँ भएको सबै खुद्रा पैसा झिक्यो । पच्चिस तीस जति रहेछ । जम्मै उनको हातमा राखिदियो । पत्नी बाहिरतिर लागेपछि उसले फेरि कापी कलम समात्यो । तर उसको दिमागमा दाउराकै कुरा खेलिरहेको थियो । पाँच पन्चे पच्चीस । हिसाब गर्दा कागमा लेखिएका अंकहरू उसको दिमागमा टाँसिइरहेका थिए । उसले लामो सास तानेर सुस्केरा हाल्यो । दाउराको प्रसंग बिर्सने प्रयत्न गर्‍यो । तर 'पाँच पन्चे पच्चीस' र कागजमा टिपिएका अंकहरू उसको दिमागबाट हटेनन् । उसले फेरि लामो सास तान्यो र सुस्केरा हाल्यो । यस्तो लाग्थ्यो, उसले दाउरा र हिसाब किताबका अंकहरू बिर्सने प्रयत्न गरिरहेको छ । त्यसपछि उसले फेरि लेखतिर आफ्नो ध्यान केन्द्रित गर्ने प्रयत्न गर्‍यो ।

' कस्तो परिकार ? यसमा नअल्झौं होला । ठूलाबडाले खाने खाले राम्रै किसिमको परिकार हुनेछ । बंगुरको मासु, माछा वा झिंगा माछा यी सबै सामान्य किसिमका परिकार भए । यी खाइरहेकै परिकार हुन् । अलिकति गतिलै किसिमको हुनुपर्‍यो नि । अजिंगर अथवा बाघ मध्ये कुनै एकको मासु । यी दुईमा कुनचाहिंको वेश होला ? केही मानिसहरू सर्प र बिरालाको मासु माथिल्लो वर्गका क्यान्टोनीहरूको खाना हो र त्यस्तो खाना विशेष भोजका अवसरमा खाइन्छ भन्छन् । मैले कियान्सुको एउटा रेस्टुराँको मेनुमा यस्तो नाम देखेको छु । कियान्सुका मानिसहरूले सर्प वा बिरालोको मासु खाँदैनन् । मान्छेहरू भन्छन्, तिनीहरू त भ्यागुता वा बाम माछा खान्छन् । सुखी परिवारलाई यसबाट फरक पर्ने के कुरा छ र ? खानाको यो पहिलो परिकार कुनै हालतमा पनि अजिंगर वा बाघ कै मासु हुनुपर्छ । यसमा उताउता हुनै सक्दैन । 'अब अजिंगर र बाघको मासुको परिकार डाइनिङ टेबुलको बीचबीचमा राखियो । पतिपत्नी दुवैले चपस्टिक समाते, पालैसित परिकारतिर औंल्याउँदै एक आपसमा आँखा जुधाएर मुस्कुराए अनि विदेशी लवजमा भने-

'प्रियतम -अब खाऊँ'

'पहिले हजुर लिइस्योस् न ।'

'पहिले तिमी खाऊ न ।'

त्यसपछि ती दुवैले क्रमशः एक एक टुक्रा सर्पको मासु चपस्टिकले समाते । सर्पको मासुको गन्ध वास्तवमै अजिव प्रकारको लाग्छ । बरू बाममाछाको स्वाद राम्रो हुँदो हो । अजिंगर वा बाघको मासु भनेर तयार हुने सबै परिकार वास्तवमा भ्यागुता वा बाममाछाकै त हुन् । तिनीहरूले उत्रै आकारप्रकारका बाममाछाका एक एक टुक्रा समाते । पाँच पन्चे पच्ची, तीन पन्चे पन्ध्र' । भैगो यो कुरा छाड । त्यसपछि दुवै जनाले एकपछि अर्को गर्दै माछाका टुक्रा मुखमा हाले । लेखक अनिच्छुक हुँदाहुँदै पनि घुमेर पछाडि हेर्न खोज्यो । किनभने पछिल्तिर कोही आए गउको उसलाई आभास भयो । तर उसले मनलाई समाल्यो । र फेरि एकाग्रतापूर्वक विचारमा तल्लिन भयो ।

'यो त असाध्यै भावुकतापूर्ण कुरा भयो । कुनै पनि परिवार यसप्रकारको व्यवहार गर्दैनन् । मेरो दिमाग पनि के भएको होला यस्तो ? यस्तो राम्रै विषयमा लेख्नै नसकिने हो कि भन्ने कुराले पो डर लाग्न थाल्यो मनमा । कथामा ती दम्पत्तिहरू विदेशबाट फर्केको भन्ने कुरा देखाउनै पर्ने के छ त्यस्तो ? चीनमा नै शिक्षितदिक्षित मानिसहरूकै विषयमा लेख्दा पनि भैहाल्यो नि । ती दुवै विश्वविद्यालयका स्नातक हुन् । उच्च घरानाका । खानदानका । पतिचाहिं लेखक हो । पत्नी पनि लेखकै हो । त्यो नभए पनि कविताकी पुजारी । नारीवादकी उपासक । अथवा '. ।'

लेखकले आफ्नो धैर्य गुमायो र पछाडि फर्केर हेर्‍यो ।

उसको पछाडिको किताबको दराजमा बन्दागोभीका खात थिए । सबभन्दा तल्लो खन्डमा तीनवटा डल्ला, त्यसमाथिको खन्डमा दुईवटा अनि त्योभन्दा माथिल्लोमा एउटा । अंग्रेजी ए अक्षरको बृहत आकारजस्तै ।

'उस्'.' उसले लामो सुस्केरा हाल्यो । अनुहारको छाला चिर्चिर्‍यायो र पिठ्यूँमा पनि एक प्रकारको चिर्चिराहट पैदा भयो । ढाडमा सर्सराइरहेको चिट्चिटाहटलाई शान्त पार्ने प्रयत्नस्वरूप उसले एकपटक 'खुइय' गर्दै लामो सास तान्यो । 'सुखी परिवार' को घरमा प्रशस्त मात्रामा कोठाहरू हुनुपर्छ । एउटा भन्डार कोठा हुनुपर्‍यो । जहाँ बन्दागोभी जस्ता चिजहरू राख्न सकियोस् । घर मालिकको कोठा छुट्टै हुनुपर्छ । पुस्तकका दराजले खचाखच भरिएको स्वाभाविक रूपमा त्यहाँ बन्दागोभीजस्ता चिजहरू हुने छैनन् । दराजहरू चिनियाँ कृतिहरू र विदेशी लेखकका ग्रन्थहरूले खचाखच भरिएको हुनुपर्छ । त्यहाँ 'आदर्श पति' पनि हुनुपर्‍यो । कमसेकम दुई प्रति । सत्ने अलग्गै कोठा, पित्तलको पलङ वा त्यो नभए कमसेकम राम्रै चाँपबाट बनेको र एक नम्बरको जेलमा बनाएको पलङजस्तै । पलङको तल र वरपर बिल्कुलै सफासुग्घर हुनुपर्‍यो' ।' उसले आफ्नै ओछ्यानको वरिपरि र तल हेर्‍यो । खाटमुनिको दाउरा निखिइसकेको थियो र त्यहाँ एउटा मरेको सर्पजस्तै दाउरा बाँधेको परालको बन्धन मात्र बाँकी थियो ।

'साढे तेइस पसेरी'' लेखकलाई लाग्यो उसको खाटमुनि कहिल्यै खाली नहुने गरी दाउराको खलियो थुप्रिएको छ, फेरि उसको टाउको बल्कियो । ऊ उठ्यो र ढोका लगायो । तर ढोकाको चुकुल लगाउनै लाग्दा त्यो कुरा ठीक भएन किन भन्ने उसले सोच्यो र धूलोले भरिएको ढोकाको पर्दालाई तल झार्‍यो । त्यति नै बेला उसको मनमा आयो-'ढोका बन्द गरेर आफैलाई बन्दीजस्तो बनाउनुबाट जोगिने यही तरिका ठीक छ, पर्दा लगाउने । यसबाट ढोका खुलै रहँदाको अवस्थामा अनुभव हुने छटपटीबाट पनि मुक्त भइयो । यो त बिल्कुलै मध्यमार्गी सिद्धान्तअनुरूपको काम भयो ।

" अँ, पतिचाहिंको अध्ययनकक्ष सधै बन्द रहनुपर्छ ।' ऊ फर्केर आयो, कुर्चीमा बस्यो र फेरि विचारमग्न भयो । 'कुनै काम विशेषले भेट्न आउने मान्छेले सर्वप्रथम ढोका ढकढक्याउनु पर्छ र भित्र पस्ने अनुमति लिनुपर्छ । गर्नुपर्ने कुरै त्यही हो । मानौं पति उसको अध्ययनकक्षमा छ र पत्नी साहित्य विषयक छलफलमा भाग लिन भित्र पस्न खोज्ने भने उसले पनि पहिले ढोका ढक्ढक्याउनु पर्छ । त्यसमा पनि, कति कुरो निश्चित हुनुपर्छ भने ऊ भित्र पस्दा उसले बन्दागोभी साथमा ल्याउनु हुँदैन ।

'आऊ आऊ' बस मेरी प्यारी मायालु ।'

'तर साहित्यबारे चर्चा गर्न पतिको फुर्सद नभए के होला ? दुलहीचाहिं ढोकाबाहिर उभिएर कोठामा विस्तारै हानेको सुनेपछि उसले बेवास्ता गर्ला त ? सम्भवतः त्यसो हुँदैन होला । हुन सक्छ यस विषयको इतिवृत्त ' आदर्श पति' नामक पुस्तकमा उल्लेख भएको होला । त्यो वास्तवमै एउटा अद्भूत उपन्यास हुनुपर्छ । यो लेखको पारिश्रमिक पाइयो भने, मैले पनि पढ्नका लागि त्यसको एकप्रति किन्नुपर्छ'.।'

चड्याम्म ।

लेखक झस्कियो र उसको ढाड तनक्क तन्कियो । विगतको अनुभवको आधारमा उसले अनुमान गर्‍यो, त्यो उसकी दुलहीले तिनीहरूकी तीन वर्षीया छोरीको गालामा हानेको थप्पड थियो ।

'एउटा सुखी परिवारमा'.।' ऊ विचारमग्य भयो । उसको ढाड अझै पनि तन्किइरहेको थियो । बालिकाको सुँकसुँक रूवाई सुनेपछि उसलाई लाग्यो केटाकेटीहरू ढिलै जन्मनु जाति हुन्छ । भरसक त केटाकेटी हुँदै नभएको राम्रै । केवल दुई जना मात्र, कुनै बन्धन बेगरका । अथवा घरको सट्टा एउटा राम्रै होटलमा बस्नु झन् उपयुक्त हुन सक्छ । लाग्ने यावत खर्च दियो, बस् । झन्झटै खतम । एउटा एक्लो मानिस' । छोरीको सुँकसुँक रूवाई झन् बढ्न थालेपछि ऊ जुरूक्क उठेर पर्दा खोल्दै गर्दा झलक्क सम्झयो । कार्लमार्क्सले 'पुँजी' लेख्दा केटाकेटीहरू उनका वरिपरि झुम्मिएर बसेका हुन्थे, उनी अवश्य पनि महामानव हुनुपर्छ'.।' ऊ बाहिरतिर गयो र बाहिरी ढोका खोल्यो । ढौकाको पलेंटो खोल्ने वित्तिकै मटितेलको चर्को गन्ध ह्वास्स उसको नाकमा ठोक्किन पुग्यो । बालिका ढोकाको दाहिनेतिर भूइँमा मुख जोतेर पछारिइरहेकी थिई । बाबुलाई देखेपछि त्यसको रूवाई झन् चर्कियो ।

'ल'.ल'. यता सुन । सानो मान्छे, मेरी प्यारी छोरी कति असल छ । चुप, चुप ।' छोरीलाई काख लिन ऊ निहुरियो । छोरीलाई काख लिएपछि ऊ पछाडितिर फर्क्यो । उसले देख्यो, ढोकाको देब्रेतिर, हात पछाडि बाँधेर, कुनै शारीरिक अभ्यास गर्न थालेझैं उसकी दुलही क्रुद्ध मुद्रामा उतिर हेर्दै ठिङ्ग उभिएकी छ ।

'सबैले मैलाई मात्र सताउन जानेका छन् । कसैले सिन्कोसम्म भाँचेको उपति छैन । सबै भत्काउने र बिगार्ने मात्रै हुन् । डिबियासियिबा फुटालिदिई यसले । भरे अब के बाल्ने हो अँध्यारामा'।'

'ल ल भयो अब नरोऊ । चुप' । स्वास्नीको उग्र रूपतिर कुनै वास्ता नगरिकन उसले छोरीलाई काखमा बोकेर घरभित्र पस्यो र उसको टाउको थप्थपाउन थाल्यो । 'हाम्रा छोरी जाति छ । जाती छोरी रूँदिन ।' उसले छोरीलाई आफ्नो काखमा राख्यो र हातमाथितिर उठायो । 'चरीको मासु चाम्रो छ, हाम्रैं नानु राम्रैं छ ।' छोरीलाई घुंडामा राखेर उसले लोली मिलायो । 'बिरालीको मुख कसरी धुने होला ? लौ हेर, छोरीलाई बुबाले सिकाइदिन्छु ।' त्यसपछि उसले गर्धन तन्कायो, हत्केला चाट्यो र मुखतिर दल्यो ।

'हि'.हि'., बिराली । ' छोरी हाँस्न थाली ।

'अँ अँ ठीक छ । हेर बिराली ।' उसले त्यो क्रियाकलाप धेरै पटक दोहोर्‍यो । र, उनीतिर हेरेर टक्क रोकियो । छोरी, आँखामा आँसुका ढिका लिएर मुस्कुराइरहेकी थिई, सहसा उसको दिमागमा एउटा झट्का लाग्यो । छोरीको अवोध निर्दोष अनुहारमा पाँच वर्ष पहिलेको उसकी आमाको अनुहार टाँसिएजस्तो देखियो । खास गरेर उनका उज्याला राता ओठहरू दुरूस्तै थिए । आकार मात्रै अलिकति सानो किसिमको । केही वर्ष पहिलेको कुरा हो । हिउँदको घमाइलो दिन थियो त्यो । उसले उसकी प्रेयसीका लागि हरेक किसिमका विघ्नबाधासित जुझ्दै उनका लागि जस्तोसुकै बलिदान गर्न पनि तयार हुनेछ भनेर त्यो दिनमा प्रतिज्ञा गरेको थियो । त्यतिबेला उसकी प्रियतमाले पनि त्यसरी नै आँखामा आँसुका ढिका लिएर मुस्कुराउने चेष्ठा गरेकी थिई । ती सबै कुरा सकेपछि उसलाई एकप्रकारको नसाले छोपेजस्तो लाग्यो र ऊ धर्मराउँदै थचक्क बस्यो ।

'ती सुन्दर रसिलास ओठहरू' उसले सोच्यो । ढोकाको पर्दा एक्कासी उघ्रियो र उसकी दुलही दाउरा लिएर भित्र पसी लेखकले आफुलाई समाल्ने प्रयत्न गर्‍यो । छोरी आँखामा आँसुका ढिका लिएर ऊतिर हेर्दै मुस्कुराईरहेकी थिई र उसका उज्याला ओठहरू खुलेका थिए । 'ओठ' दाउराभित्र ल्याउँदै गरेकी उसकी दुलहीमाथि उसका नजर परे ।'' सम्भवतः यो केही पनि होइन । तर पाँच पन्चे पच्चीस, नौ नवा एकासी । फेरि उही कुरो । 'र दुईवटा रसिला आँखाहरू ।' यस्तो सोचेर उसले कथाको शीर्षक र हिसाबका अंकहरू लेखिएको निलो धर्कावाला कापीको पाना थुत्यो, कच्याककुचुक पार्‍यो र छोरीको सिंगान आँखा पुछ्न त्यसलाई फेरि खोल्यो । 'राम्रैं मान्छे, बाहिर जाउ र खेल ।' उसले छोरीलाई यसो भन्दै बाहिरतिर पठायो र कागजको एउटा बल पनि फोहर फाल्ने कागजको टोकरीतिर हुर्‍यायो ।

तर एक्कासी उसको मनमा छोरीप्रति स्नेहको मूल फुट्यो । उसले बाहिरतिर हेर्‍यो, छोरी परपर गइरहेकी थिई । त्यति नै बेला उसले खाटमुनि दाउरा घुसारेको आवाज सुन्यो । चित्तलाई एकाग्र गर्ने अठोट गरेर ऊ पछाडि फर्क्यो र आँखा चिम्ल्यो । ऊ सबै प्रकारका विपरीत विचारबाट मुक्त भएर , तनावरहित भएर शान्तिपूर्वक बस्ने प्रयत्नमा लाग्यो ।

उसले एउटा चौडा, गोलो कालो सुइरे फुल उसको देब्रे आँखाको छेउबाट बन्दै गएर दाहिनेतिर लागेको र त्यही बिलाएको देख्यो । त्यसपछि एउटा बीचमा गाढा हरियो रंग भएको चहकिलो हरियो फुल देख्यो । अन्त्यमा उसले एउटा भीमकाय ए आकारको ६ वटा बन्दागोभीको थुप्रो देख्यो ।

*मार्च १८, १९२४*

## शान्ति...

उपनिर्वाचनको शसक्त वहिष्कारमा उत्रिन बाध्य भएको नेताहरूले बताएका छन् ।

सरकारका जनविरोधी काम, कृयाकलापहरूको व्यापक भण्डाफोरको नीति सहित माओवादी केन्द्रको बैठकले उपनिर्वाचनलाई शसक्त रूपमा वहिष्कार गर्ने, निर्वाचनको सम्पूर्ण कामलाई प्रभावित पार्ने लगाएको निर्णय गरेको छ । दलाल संसदीय व्यवस्थाले जनतामा थुपारेको चौतर्फि समस्याहरू, राज्यको संस्थागत भ्रष्टाचार, सामाजिक अपराधीहरूको संरक्षण, महिला र बालबालिकाहरूमाथिको बढ्दो दुव्यवहार तथा उत्पीडित वर्ग समूहहरूमाथिको अन्याय राज्य व्यवस्थाकै कारण बढेको निष्कर्ष सहित बैठकले सरकारी काम, कारवाहीको भण्डाफोर र निर्वाचर्न वहिष्कार गर्न लागेको बुझिएको छ ।

ओली नेतृत्वको वर्तमान सरकार निर्वाचनको नाममा मुलुकको ‘ शान्ति र जनताको समाजवाद उन्मुख व्यवस्थानिमार्णको आन्दोलन’ का विरुद्धमा उभिएकाले मंसिर १४ गते हुने भनिएको उपनिर्वाचनलाई पूर्णतया वहिष्कारगर्न आवश्यक भएको भन्दै माओवादी केन्द्रका अध्यक्ष किरातीले नेता, कार्यकर्तालाई कडा निर्देशन दिएका छन् ।

माओवादी केन्द्रका नेताहरूले निर्वाचन वहिष्कारको नीति अनुसार विभिन्न रूपका आन्दोलनका कार्यक्रमहरू ठोस गरिएको बताएका छन । वहिष्कारको कार्यक्रम अन्तर्गत देशव्यापी हड्ताल सम्म गर्ने विषयमा समेत छलफल भएको भएपनि त्यसलाई भने माओवादी केन्द्रले हालै सार्वजनिक गरिसकेको छैन ।

माओवादी केन्द्रले सरकारी माओवादी र वर्तमान सरकारले जनतामा कम्युनिष्ट एकताको नाम दिदै पारेको भ्रमबारे छलफल गर्दै त्यसका विरुद्ध सबै संसदवाद विरोधी तथा सच्चा कम्युनिष्ट पार्टीहरूबीच बलियो मोर्चाबन्दी (कार्यगत एकता) बन्नुपर्नेमा जोड दिएको छ ।

निर्वाचनको विषयमा मोहन बैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओेवादी), नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, ऋषि कट्टेल नेतृत्वको नेकपा लगायतका क्रान्तिकारी पार्टीहरूले समेत निर्वाचन विरोधी कार्यक्रमहरू तय गरिरहेको सन्दर्भमा माओवादी केन्द्रको यो निर्णयले उनीहरूबीच बलियो मोर्चाबन्दी निर्माण हुने धेरैले आंकलन गरेका छन ।

माओवादी केन्द्रले यसअघि सरकार समक्ष पेश गरेको १८ बुदें मागलाई ३० दिनभित्र (कार्तिक ३ गतेसम्म) सार्वजनिक रूपमा कार्यान्वयनको वातावरण नबनाएमा आफुहरू बाध्य भएर उपनिर्वाचलाई वहिष्कार गर्दै भिषण सडक आन्दोलनमा बदल्न तयार हुने बताएको थियो । साथै उक्त चेतावनी पत्रमा आन्दोलनको कारण उत्पन्न हुने परिस्थितिको जिम्मेवारी समेत सरकारले लिनुपर्ने भन्दै यसअघि नै कडा चेतावनी समेत दिएको थियो ।

बैठकमा नेताहरूले निर्वाचनको पक्षमा क्रान्तिकारी उपयोग तत्कालिन अवस्थामा आवश्यक नदेखिएकाले वहिष्कारको कार्यक्रममा जानुपनै भन्दै एकमतले समर्थन गरेका थिए । पछिल्लो राजनीतिक अवस्था, पार्टी एकता र सडक आन्दोलन, निर्वाचनको वहिष्कार लगाएतका एजेन्डाहरू सहित माओवादी केन्द्रको गत विहीवार बसेको पदाधीकारी बैठक, शुक्रबार बसेको पोलिटव्युरो बैठक र आजको केन्द्रीय समिति बैठकले त्यस्तो निर्णय गरेको बुझिएको छ ।

बैठकमा पार्टी अध्यक्ष किराती, उपाध्यक्ष तिलक थापामगर, महासचिव कर्णजित बुढाथोकी, सचिवहरू विनोद उपाध्याय र राजन तिमल्सिना, पोलिटव्यूरो सदस्यहरू र देशैभरका केन्द्रीय सदस्यहरूको सहभागिता रहेको थियो ।

## चीनियाँ...

दोस्रो कुरा नेपालका वर्तमान दलाल शासकहरू बढी भन्दा बढी अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका ईमानदार दलाल हुन । यो कुरा पनि चिनीयाहरूलाई राम्रोरी थाह छ , त्यसले गर्दा पनि चिनीयाहरूले यिनीहरूलाई पूर्णरूपमा विश्वास गर्दैनन् । यसले गर्दा पनि आशा गरे जत्तिको सहयोग दिन चाहेनन् चिनीयाहरूले ।

तेस्रो कुरा विगत धेरै वर्ष पहिलेदेखि चीनले नेपाललाई ठूलो सहयोग गर्दै आएको छ ।विगतमा नै चीनले नेपालमा अत्यन्तै महत्त्वपूर्ण विकास योजनापुरा गरिदिएको थियो । (१) हेटौंडा कपडा उद्योग बनाई दिएको थियो । (२) , गैडाकोट कागज कारखाना बनाई दिएको थियो , (३) उदयपुर सिमेन्ट कारखाना खोली दिएको थियो, (४) काठमाडौंमा बाँसवारी छालाजुत्ता कारखाना खोलिदिएको थियो । २०४६ साल पछाडि यी नेपाली कांग्रेस , नेकपा (एमाले ) लगायतका राजनीतिक दलहरूले दुई कौडी बराबरको मूल्यमा बेचेर खाएको चीनीयाँहरूले झलझली आँखाले हेरिरहेका छ । त्यसरी बेचिखाने यी भ्रष्ट दलहरूले भोलि चीनले पठाइदिएको त्यो रेल बेचेर नखालान भन्ने चिनीयाँहरूलाई कसरी विश्वास हुने भयो र ! यी र यस्तै कारणले गर्दा पनि नेपाली शासकहरूलाई विश्वास नगरेर नै चिनीयाँहरूसंगको संझौता निरासाजनक बन्न पुगेको छ ,

अर्को साँचो कुरा के हो भने नेपालका यी कम्युनिस्ट र कांग्रेस भनेका दलहरू संसारकै एक नम्बरका भ्रष्टाचारी हुन भन्ने कुरा पनि चिनीयाहरूलाई राम्ररी थाह छ । त्यसो भएर नेपाल र नेपाली जनताको प्रगति र सम्बुध्दिका लागि भनेर चिनीयाँ जनताको गाँस काटेर नेपाललाई पठाई दिएको चिनीयाँ बजेट यी भ्रष्ट तथा दलाल सत्ताधारीहरूले एकै रातमा इ्वाम पार्ने देखेर अलि अलि बजेट कुखुरालाई चारो छर्कि दिए झै फ्याँकि दिएर यी दलालहरूलाई आफ्नो बनाई राख्ने आफूहरूबाट फुत्कन नदिने उध्येश्यले यी झारा टार्ने टाइपको संझौता चीनले गरेको देखिन्छ । किनकि उताबाट पठाएको सहयोग अनुदान पूर्णरूपमा चिनीयाहरू विश्वस्त हुन नसकेर नै यी टालटुले संझौता गरेर आफ्ना दलाल मित्रहरूलाी “ बाई बाई “ गर्दै स्वदेश चीनतिर फर्के सी ।

## देजमो...

क्रान्तिकारी संयुक्त मोर्चाको रूपमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यसअघि पार्टीको पोलिटब्यूरोको बैठकलले गरेको निर्णय अनुरूप बहिस्कार गर्ने निर्णय गरेको हो । पार्टीको असोज १७ को स्थायी समितिको बैठकले बहिस्कार आन्दोलनलाई सशक्त बनाउने निर्णय गरेको थियो ।

वर्तमान सत्ता तथा व्यवस्थाको पश्चगामी चरित्र र सरकारका राष्ट्रघाती तथा जनविरोधी क्रियाकलापहरूको विरोध तथा भण्डाफोरलाई व्यापक बनाउने, निर्वाचन हुने स्थानीय तह, प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन क्षेत्रमा केन्द्रीत सभाहरू गर्ने, नगरपालिका, गाउँपालिका तथा वार्ड तहका प्रतिनिधिहरूको निर्वाचन हुने ठाउँहरूमा सम्बन्धित जिल्लाहरूले जिल्ला, नगर, गाउँ वा वार्ड स्तरीय विभिन्न जनसभाहरूको आयोजना गर्ने, पर्चा, पोस्टर भित्तेलेखन, घरदैलो लगायतका कार्यक्रमहरू सम्पन्न गर्नका लागि आवश्यक व्यवस्थापन तथा जनपरिचालन गर्ने लगायतका निर्णयहरू समेत मोर्चाले गरेको छ ।

बैठकले वर्तमान सरकारद्वारा भइरहेका राष्ट्रियता, जनतन्त्र तथा जनजीविका विरोधी क्रियाकलाप, महङ्गी, भ्रष्टाचार, विभिन्न खाले विकृति तथा विसङ्गति लगायतका विषयलाई लिएर सशक्त विरोध प्रदर्शन गर्ने लगायतका निर्णयहरू गरिएको मोर्चा बताइएको छ ।

बैठकले एक प्रदेश एक कार्यक्र गर्ने, त्यसमा विशेष कार्यक्रम कास्की २ निर्वाचन क्षेत्रमा गर्ने र मोर्चाको केन्द्रीय मुखपत्र ‘जनगणतन्त्र’ अविलम्ब प्रकाशन गर्ने समेत निर्णय गरिएको मोर्चाका केन्द्रीय सदस्य तथा कार्यालय सचिव खगेन्द्र छन्त्यालले जानकारी दिए ।

मोर्चाले यसअघि भएका स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनको ‘क्रान्तिकारी उपयोग’ गरेको थियो । त्यसै क्रममा जनताको घर घरमा पुगेर वर्तमान सत्ता, व्यवस्था र संविधानबाट राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान नहुने बताउँदै नयाँ जनवादी व्यवस्थाका निम्ति संघर्ष अनिवार्य रहेको सन्देश प्रवाह गरेको थियो । मोर्चाले जनताको संविधानका लागि ‘जनगणतन्त्र’ नै अबको राजनीतिक विकल्प रहेको भन्दै त्यसका लागि संघर्षको अपरिहार्यतामाथि जोड दिँदै आएको छ ।

भ्रष्टाचार, अनियमितता, महंगी, कालोबजारी, बेरोजगारी, तस्करी, हत्या, हिंसा, बलात्कार, कर वृद्धि लगायतका समस्याहरूबाट आक्रान्त बनेका जनताले विकल्प खोजिरहेको अवस्थामा मोर्चाले आफूलाई वैकल्पिक शक्तिको रूपमा प्रस्तुत गर्दै आएको छ ।

## चीनको...

तिनतिरबाट भारतवेष्टित छ र यो मुलुक भारतको सेपमा (shade, shadow) पारिएको छ । हाम्रो पार्टीले भारतीय सत्तालाई विस्तारवादी सत्ता भनेको छ । यसले नेपालको केहि भूगोल कब्जा गरेको छ , सीमाना मिचेको छ , नेपालको प्राकृतिक श्रोत साधनमाथि एकाधिकार कायम गरेको छ र यहाँको बजारलाई एकलौटी बनाउन चाहेको छ । यहाँको राजनीतिमा पनि आफ्ना दलाल पार्टीहरूमार्फत हैकम कायम गरेको छ । अर्को , तत्काल अमेरिकी–भारतीय डिजाइन अन्तर्गत बनेको इण्डो– प्यासिफिक योजनाभित्र नेपाललाई पनि सैनिक प्याक्टमा हस्ताक्षर गराएको छ । यो पछिल्लो योजना चीनको विरुद्ध अमेरिकी र भारतीय नेतृत्वले नेपाललाई उपयोग गर्ने रणनीति हो । तर जगजाहेरै छ भारतले दुख दिएको वेला उत्तरको सहयोगको अपेक्षा गरेपनि मूलतः नेपालले अमेरिकी साम्रज्यवाद तथा भारतीय विस्तारवादकै दलाली गर्दै आएको छ । नेपालले मानेको पञ्चशील सिद्धान्त अनुसार असंलग्न परराष्ट्रनीति लागु गर्न सकेको छैन । वर्तमानकालीन यस्तो अन्तर्राष्ट्रिय परि स्थितिमा चीनको राष्ट्रपतिको नेपालमा भ्रमण भएको हुनाले यसको विशेष अर्थ र महत्व छ । नेपाल सरकारले राष्ट्रपति सी को भ्रमणमा भएको दुइ देश बिचको १४ बुँदे संयुक्त विज्ञप्ति र २० वटा सहमति र समझदारीपत्रलाई कार्यान्वयन गर्न सक्ने हो भने दक्षिणतर्फको एकपक्षीय निर्भरता घटाउन ठुलो बल पुग्ने कुरामा शङ्का छैन । तर चीनसङ्गको नेपालको प्रतिबद्धताको इतिहास खोलो तऱ्यो लौरो बिर्स्यो खालको रहेको छ । त्यसैकारणले पनि हुनसक्तछ चीनको राष्ट्रपति सी ले नेपालको राष्ट्रपतिले दिएको रात्रिभोजमा चीनले थालेका काम पुरा गर्ने गरेको छ , नेपालसङ्ग पनि यस्तै गर्न चाहेको भनेर नेपालको राज्य सञ्चालकलाई चूनौति समेत दिएका छन , किनभने चीनका लागि नेपालका नेतृत्व आवश्यक बुराइयाँ बनेको छ , आवश्यक पनि छ तर भरपर्दा छैनन् ।

**बिआरआई**

चीन अहिले वान् बेल्ट , वान् रोड इनिसिएटिभ को ठुलो फड्को मार्ने कार्यक्रम अगि बढाइरहेको छ । त्यो कार्यक्रमलाई सफल हुन नदिन अमेरिकाले इण्डो–प्यासिफिक स्ट्राटेजी भित्र सैनिक प्याक्टमा नेपाललाई हस्ताक्षर गराएको छ भने अर्को यो प्याक्टमार्फत नेपालाई वाध्य पारी स्वतन्त्र तिब्बत को गतिविधि यहाँ अघि बढाउने सम्भावना बलियो छ । त्यसै कुरोलाई ध्यानमा राखेर नेपालको भ्रमणको अवसरमा काठमाण्डुबाट सी ले चीनलाई टुक्र्याउने खेल सफल हुन नदिने हुङ्कारसमेत गरे । उक्त दुइ कारणले चीनका राष्ट्रपति नेपालको दुइ दिने भ्रमणमा आएको देखिन्छ ।

२. सी को भ्रमणले नेपाललाई के दियो ? समाचार माध्यमबाट हामीले थाहा पाएको कुरो के थियो भने सी आएपछि यो पनि बनाइदेउ , त्यो पनि बनाइदेउ भनेर माग्ने दुइ दर्जन आर्थिक तथा पूर्वाधार लगायतका विषयका सूचि तयार थियो । राष्ट्रपति सी को भ्रमणले क) १४ बुँदे संयुक्त विज्ञप्ति र २० वटा सहमति तथा समझदारीपत्रमा हस्ताक्षर गरेर नेपालपक्षको मागको धेरै विषय पुरा गरिदिएको छ । चीनले नेपाललाई रेल , सडक ,पानीजहाजलायत मार्गको चीनमा पारवहन सुविधाको पहुँच दिने भएको छ , यो सुविधा प्राप्त भएपछि भारतसङ्गको एकपक्षीय निर्भरता घटाउन मद्दत पुग्नेछ । ख) केरुङ्–रसुवा–काठमाण्डु रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने भनिएको छ। साथै काठमाण्डु–पोखरा–लुम्बिनी रेलमार्गको सम्भावनाको अध्ययन गर्ने कुरो पनि परेको छ । केरुङ् र काठमाण्डुलाई जोड्ने सडकमा सुरुङ्मार्ग खनिने कुरो पनि परेको छ । यी सबै चीनले आफ्नो खर्चमा गर्न सक्ने सम्भावना छ । ग) आर्थिक क्षेत्रमा पर्यटनको विकास गर्ने , व्यापार प्रवर्धन गर्ने र लगानी अभिवृद्धि गर्ने कुरो पनि परेको छ । साथै विद्युत् परियोजना निर्माण र सुरक्षा तथा दक्ष जनशक्ति तालिम दिने विषय पनि जोडिएका छन् । घ) ५६ अर्ब रकम सहयोग स्वरूप दिने भनिएको छ । ङ) चीन र नेपालको सीमामा रहेका सबै नाकाहरू खोलिने छन् । कोशी ,गण्डकी र कर्णालीको आर्थिक कोरिडोर निर्माण गर्ने , तिब्बतबाट ट्रान्जिट ट्रान्सपोर्टको लागि सुख्खा बन्दरगाह खोल्ने कुरा पनि रहेको छ । उक्त कुराहरू नेपालको हित अभिवृद्धिका लागि सकारात्मक कुरा हुन् ।

चीनका राष्ट्रपतिको भ्रमणको सबैभन्दा महत्वको विषय भनेको राजनीतिक थियो । नेपाल भूपरिवेष्टितभन्दा पनि भारतवेष्टित रहेकोले भारतीय विस्तारवादी शासकवर्गले नेपाल र नेपाली जनतामाथि शोषण र उत्पीडन गर्दै आएको अवस्थामा महत्वपूर्ण फेरवदल आउन सक्ने सङ्केत राष्ट्रपति सी को उद्गारमा देखिएको छ । उनले “नेपाल अब भूपरिवेष्टितबाट भूजडित बन्नमा चीनले सघाउने” वचन दिएका छन् । उनको यो बचन त्यसवेला कार्यान्वयन हुनेछ जबकि उत्तरतर्फको सबै नाका खोलिएर हिमाल वारपार बहुआयामिक सम्पर्क सञ्जालहरू कायम हुनेछन् ।

**३) नेपाल पक्षले बोलि फेर्न सक्छ ।**

हाम्रो पार्टीले चिनियाँ सत्ताधारी कम्युनिष्ट पार्टीलाई संशोधनवादी पार्टी भनेर मूल्याङ्कन गरेको छ भने उसको आर्थिक कार्यक्रमलाई समाजवादी नभएर बजार नियन्त्रित पुजीवादी कार्यक्रम मान्दछ । चीनको आर्थिक विकासतर्फ हेर्दा यसको भविष्य पुजीवादी साम्राज्यवादकै दिशा समात्ने देखिन्छ । तर पनि यसको वर्तमानमा दुइटा महत्व छ , क) यो अमेरिकी साम्राज्यवादी क्याम्पको विरोधी छ र नेपालमा भारतीय हस्तक्षेपको पनि यो विरोधी रहेको छ , ख)नेपालभन्दा शक्ति र बजारको हिसाबले भारत ठुलो छ । तसर्थ उसको स्वार्थ नेपालको तुलनामा भारतसङ्ग नै बढि गाँसिनु स्वाभाविक छ । अमेरिकी क्याम्पबाट भारतलाई भरसक अलग्ग गराउने उसको कोसिस रहन्छ । भारतलाई पनि चीनसङ्गको सहकार्य आवश्यक छ। जहाँसम्म चीनले केरुङ्–लुम्बिनी रेलमार्गको निर्माणको कुरा छ , त्यसमा उत्तर भारतको बजारलाई मुख्य ध्यान पुऱ्याएको देखिन्छ । नेपालको बजारलाई मात्र त्यत्रो भारी रकम लगानी चीनले गर्नु पर्ने देखिँदैन । सी को भारत भ्रमणको कारण यसलाई पनि ध्यान पुऱ्याएको हुन सक्तछ । जे भए पनि र जुन उद्देश्यले नेपालमा लगानी गर्न चाहेको भए पनि १४ बुँदे संयुक्त विज्ञप्ति र २० वटा सहमति र सम्झौतापत्र कार्यान्वयन हुन सकेमा नेपालको राष्ट्रियताको रक्षा र विकासमा ठुलो मद्दत पुग्ने कुरामा शङ्कामा रहन्न । तर ओलीको नेतृत्व यो संयुक्त विज्ञप्ति र समझदारीको पालन गर्नमा दृढतापूर्वक उभिन सक्ला त ? यो प्रश्न उठेकै छ । उसको हिजोको गतिविधिले उप्रति शङ्का उठ्नु स्वाभाविकै छ । किनभने नेपालका आजसम्मका सत्ताधारीहरूले भारत–अमेरिकी क्याम्पका तावेदारी गर्दै आएका छन् । भारतलाई घुर्क्याउनमात्र चाइना कार्डको प्रयोग गर्ने गरेका छन् । अब पनि ओलीले बोली नफेर्ला भन्न सकिन्न । तर हाम्रो प्रयास यसलाई सफल बनाउनुमा नै हुनुपर्दछ ।

४) नेपालको अर्थराजनीतिक दिशा के हुनुपर्दछ ? नेपालले असंलग्न परराष्ट्रनीति र पञ्चशील पालनमा अडिग रहनु पर्दछ । नेपालको अर्थतन्त्रमाथि भएको र हुने विदेशी हस्तक्षेपको विरोध गर्नु पर्दछ र स्वाधीन अर्थतन्त्रको विकासको कार्यक्रम आवश्यक छ ।सी को भ्रमणले हामीलाइ सो दिशामा मद्दत पुग्ने नै देखिन्छ । तर यसको अर्थ हामीले चीनको क्याम्पतर्फ लाग्ने भन्ने हैन । भारत र चीनसङ्ग हाम्रो व्यापार घाटा ठुलो रहेको छ । हामीले कुनै क्याम्प समातेर हैन कि पञ्चशीलको सिद्धान्तमा नै अडिएर स्व–उत्पादन र व्यापार विनिमयको मार्ग पहिल्याउन सक्नु पर्दछ । नेपालको बसाइमा सी जिङ्पिङ्ले बुद्ध नेपालमा जन्मेको हो र लुम्बिनीको भ्रमणमा धेरै चिनियाँ पर्यटकहरूलाई प्रोत्साहन गर्ने भनेको छन् । त्यसलाई हामीले आगामी दिनमा क्यास गर्नु सकेमा नेपालको अर्थराजनीतिमा ठुलो मद्दत पुग्ने देखिन्छ । अमेरिका , भारत र चीनको शक्तिसङ्घर्षको चेपुवामा नेपाल परेको छ । असंलग्न परराष्ट्रनीति र पञ्चशीलको सिद्धान्तलाई ठिकसङ्ग अवलम्वन गर्न सकिएन भने कास्मिरको स्थिति नआउला भन्न सकिन्न । नेतृत्वले जान्दा सम्भावना पनि छ , नजान्दा चुनौति पनि कडा हुनेछ ।


हार्दिक शुभकामना

नेपाल सम्बत् ११४० (न्हूदँ) तथा शुभदीपावली २०७६ को अवसरमा सम्पूर्ण नगरवासीहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

मोहन बस्नेत
मेयर
नागार्जुन नगरपालिका
काठमाडौं

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा सम्पूर्ण वडावासी तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।


*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

आशबहादुर कुमाल, वडाध्यक्ष
भरतपुर महानगरपालिका वार्ड नं.२८ परिवार
भरतपुर, चितवन

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं (पुष्प)
९८५१०४३३२८, ९८०८४६११०६
फोन नं. : ०१–५२२५२८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६–४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८० ९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१–५१००४९४
९८४११०६९६७
९८४४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७–५२११६९
०४७–६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# चिनियाँ राष्ट्रपति सीको नेपाल भ्रमण : चर्चा बढी उपलब्धि कम



● हस्तबहादुर केसी ●

जुन ढंगले प्रचारप्रसार गरिएको थियो कि चिनीयाँ राष्ट्रपति सी चिनपिङ नेपालको राजकीय भ्रमण गर्ने भए पछि यति धेरै ठूलो आर्थिक सहयोग , देशको विकास र र समबृध्दिका अरवौ,खरवौको आार्थिाि अनुदान प्राप्त हुनेछ , चीनको केरुङबाट नेपालको रसुवा हुदै छिट्टै चिनीयाँ रेल झलललल..... गर्दै टोखा हुदै काठमाडौं शहरमा नेपालको झण्डा फहराउदै मिलिक्क गर्दै रेल गुट्ने हल्ला मात्र गरेका थिएनन् खुबै आशावादी पनि बनिरहेका थिए नेपालका दलाल सत्ताधारीहरू । त्यतिमात्र होइन , चीन र नेपालका बिभिन्न हिमाली नाकाहरूमा सुरुङ मार्गहरू बनाउने योजनामा संझौता हुने प्रचार गरिएको थियो । यसका अतिरिक्त शिक्षा , स्वास्थ्य ,यातायात , कृषि , पशु विकासका क्षेत्रमा चीनले मनग्ये सहयोग गर्ने समझदारी पत्रमा हस्ताक्षर हुनेछ भन्ने आशावादी भएर ठूलो प्रचार गरिएको थियो । त्यस्तै उद्योग ,व्यापार , वाणिज्य आदि क्षेत्रमा चीनले निकै धेरै ठूलो योजना दिनेछ भन्ने आशावादी भएर ठूलो प्रचार गरिएको थियो । त्यही अनुरूप सी लाई खुशी तुल्याउने मनसायले करोडौं रकम खर्च गरेर नेपाल आउने दिन पारेर काठमाडौं शहरलाई नयाँ दुलहीलाई सिङारिएको थियो ।

बडोसानदार ढंगले चिनीयाँ राष्ट्रपति सी चिङपिङले नेपालका राष्ट्रपति विद्याा देवी भण्डारी को निमन्त्रणामा ही २०७६ असोज २५ २६ गते दुई दिने नेपालको राजकीय भ्रमण गरे । सम्पूर्ण नेपाली जनता र नेपाल राष्ट्रकै निम्ति स्वागतयोग्य कुरा हो । किनभने चीन नेपालको असल छिमेकी मुलुक हो । नेपाल र चीनका बिचमा वर्षौदेखि मित्रता कायम रहदै आएको छ र यो सम्बन्धलाई अझै प्रगाढ बनाउन जरुरी छ नै । दुबै देशविचको सम्बन्धलाई अझै बलियो बनाईराख्नु अत्यावश्यक छ ।

दलाल सत्ताधारीहरूले सी स्वागत निकै व्यस्थित रूपमा गरिएको देखियो यो राम्रो पक्ष हो । पाहुनाहरूलाई आउँदा खेरीस्वागत ( सत्कार गर्ने र फर्कनेबेला सौहार्द ढंगले विदाई गर्ने नेपालीहरूको राम्रो परम्परा पनि छ । यस विषयमा चुकेनन् सत्ताधारीहरू । तर चिनीयाँ राष्ट्रपति सी चिङपिङले नेपालको दुई दिने राजकीय भ्रमणका क्रममा जुन २० बुंदे समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ती बुंदाहरूलालाई एक एक गरेर केलाएर हेर्ने हो अत्यन्तै सुक्ष्म ढंगले विश्लेषण गर्ने हो दलाल सत्ताधारीहरूले चीनबाट जुन आशा गरेका थिए र जनताको विचमा जुन ढंगले प्रचार गरेका थिए , त्यत फास न फुस जस्तो बन्न पुगेको छ । जुन चिनीयाँ रेल छिटै नेपाल आइपुग्ने मनोगतवादी प्रचारवाजी गरेका थिए , त्यो हल्ला फास न फुस बन्न गएको छ भन्नु पर्ने हुन्छ किनभने उक्त २० बुंदे समझदारी पत्रको बुंदा नम्बर ७ मा जुन लेखिएको छ “ चीन ( नेपाल सीमा वारपार रेल्वे परियोजनाको सम्भाव्यता अध्ययनबारे नेपालको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र चीनको यातायात मन्त्रालयबीच एमओयू “ गर्ने भन्ने लेखिएको छ । र यहाँ विश्लेषण गरिएको छ छ कि यदि चीनले नेपाललाई रेल साँच्चिकै पुर्याउन चाहेमा करिब ८ लाग्ने बताइएको छ ।

जुन रेल सम्बन्धि योजना नै सबैभन्दा महत्त्व र चासोको विषय थियो । तर ८ वर्ष पछि सम्म मात्र चिनीयाँ रेल नेपाल आाइपुग्ने जनविश्वास उच्च रहने ढंगको देखिदैन । किनभने यो दलाल सरकारको कुनै स्थायित्व छैन ।यो दलाल सरकारले यो पाँच वर्षकै अबधि पुरा गर्न नसक्ने नेपाली जनताले छनक पाइसकेका छन् । एउटा पत्रकार र एउटा भष्टचार विरोधी अभियान्तासित डराउने यो दलाल सरकारको स्थायित्व छैन । नेपाली जनताले यो दलाल सरकारको नाडी छामी सकेका छन् ।

पहिलो कुरा ८र८ वर्षसम्म नेपाली जनता ढँटुवा दलाल सत्ताधारीहरूका झुटमुट कुराहरू टुलुटुलु रसुवा तिर हेरेर नेपाली झण्डा फहराउँदै कतिखेर चिनीयाँ रेल आउँछ भनेर पर्खेर वस्ने र गत चुनावमा जस्तै यी ढँटुवा दलाल सत्ताधारीहरूलालाई बाकसका बाकस भोट खन्याइदिएर करिब दुई तिहाईको सरकार बनाएर अबश्यै पनि बस्ने छैनन् । यो कुरा नेपालका बारेमा , नेपालका कम्युनिस्ट नामधारी कम्युनिस्ट दलाल सत्ताधारीका बारेमा चिनीयाँ शासकहरूले राम्रोरी जानेका छन् , बुझेका छन् । धेरै बाठा छन् चिनीयाँहरू , नेपाली झुक्याएर सबै भोट आफ्नै बाकसमा खन्याउन सफल भए झै चिनीयाहरूलाई झुक्याउन दलालहरूलाई त्यति सजिलो नहोला । रेल यातायात र अन्य समझदारी पत्रमा लेखिएका बुंदाहरू सबै टालटुले नै देखिन्छन् । यी सबै समझदारीहरू सजिलैसँग कार्यान्वयन हुने सम्भाबना पनि रहदैन ।

त्यसैले यीी दलाल सत्ताधारीहरूलाई चिनीयाँहरूले त्यति ढुक्क भएर पत्त्याएनन् यहाँकाले आशा गरे जत्तिकै गरेर , सोचे जत्तिकै गरेर चिनीयाँहरूले मनग्ये लगानी गर्न नचाहेको सोझै अनुमान गर्न सकिन्छ । यसको मुख्य कारण चिनीयाँ शासकहरूले वर्तमान सरकारमा वसेका दलालहरूलाई नत्त्याउनु नै हो । यसका पछाडिको मुख्य कुरा सत्ताधारी दलालहरूले नेपाली जनताको विश्वास गुमाई सकेको चिनीयाँहरूले बुझिसकेका छन । चिनीयाँहरूले यिनीहरूको स्थायित्व नरेको देखेर औपचारिक्ता निभाउने मनसायले मात्र यी लटरपटर वाला संझौता गरिदिएको सोझै अनुमान गर्न सकिन्छ र राम्रोरी विश्लेषण गर्न सकिन्छ ।

...बाँकी ७ पेजमा

### क्रान्तिकारी...

क्रममा निष्क्रिय नेता कार्यकर्ताहरू, सहिद तथा वेपत्ता परिवारसँग भेटघाट, पार्टी सदस्यता नवीकरणका साथै संगठन र संघर्षको आधार तयार गर्ने कार्यलाई तीव्रता दिइएको छ ।

शुक्रबार बंशीघाट त्रिपुरश्वर क्षेत्रमा चलाइएको अभियान शनिबार बुद्धनगर क्षेत्रमा सञ्चालन गरियो भने आइतबार बत्तिसपुतली एरियामा सञ्चालन गरिने बताइएको छ ।

पार्टीकी केस तथा काठमाडौं जिल्ला सचिव सरुका अनुसार अभियानको क्रममा जोरपाटी, बसुन्धरा र असन चोकमा सन्देश सभा सम्पन्न गरिएको छ ।

पूर्वी संयुक्त नगरकमिटि (गोकर्णेश्वर, मनोहरा कागेश्वरी, शंकरापुर), पश्चिम संयुक्त नगरकमिटि (टोखा, तार्केश्वर, बुढानिलकण्ठ), पश्चिम महानगर कमिटि (१६ वटा वडा) र पूर्वी महानगर कमिटि (१६ वटा वडा) को आयोजनामा ती क्षेत्रमा सहिद तथा वेपत्ता परिवारहरूसँग भेटघाट, पार्टीका तथा अन्य राजनीतिक पार्टीका निष्क्रिय नेता कार्यकर्ताहरूसँग भेटघाट छलफल, पार्टी सदस्यता नवीकरणका सँगै पार्टी, देजमो तथा जबस मोर्चाका कमिटिहरू निर्माण गरिएका छन् ।

प्राप्त जानकारी अनुसार अभियानको क्रममा पार्टी सम्बद्ध विध्यार्थी संगठन अखिल (क्रान्तिकारी) का ६ वटा इकाई कमिटि निर्माण गरिएका छन् । त्यसैगरी महिला संगठन अखिल नेपाल महिला संघ (क्रान्तिकारी)का २ वटा संगठन र अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ सम्बद्ध ४ वटा संगठनहरू निर्माण गरिएका छन् । पूर्वी महानगरमा सम्पन्न भएपछि उत्तर दक्षिण महानगरमा अभियान सञ्चालन गरिने बताइएको छ ।

### क्रान्तिकारी माओवादी...

जारी प्रशिक्षण कार्यक्रम बिहीबार दिउसो सम्पन्न भएको हो । ब्यूरो इन्चार्ज राजवीरको अध्यक्षता तथा सञ्चालनमा रहेको प्रशिक्षण कार्यक्रममा पार्टी महासचिव किरणले नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा, समसायिक राजनीतिक विषय र विभिन्न राजनीतिक पार्टीहरूलाई हेर्ने दृष्टिकोणको विषयमा प्रशिक्षण दिनु भएको थियो भने पार्टी स्थायी समिति सदस्य राजवीरले पार्टी निर्णय कार्यान्वयन, आर्थिक, प्रकाशनलगायतका क्षेत्रमा देखिएका समस्या र तिनको समाधानका विषयमा प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रममा पश्चिम ब्यूरो अन्तर्गत ५ नं. प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका जिल्लाहरूमा कार्यरत जिल्ला सचिवालय सदस्यसम्मको सहभागिता रहेको थियो । प्रशिक्षण कार्यक्रममा तीनवटै प्रदेशमा कार्यरत पार्टी पीविएमहरू र सिसिएमहरूको समेत उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा प्रशिक्षण कार्यक्रमको व्यवस्थापनका बारेमा पीविएम संकुलले अनुभूति सहितको मन्तव्य राख्नुभएको थियो । प्रशिक्षण कार्यक्रमसँगै पार्टीको पश्चिम ब्यूरोको बैठक समेत गरिएको बताइएको छ ।

प्रशिक्षण कार्यक्रमका लागि बर्दिया पुग्नुभएका महासचिव किरणलगायतका नेताहरूलाई टीका र माला लगाई भव्य स्वागत गरिएको थियो ।

### वीरजंगसहित...

बन्दै गएको उल्लेख गर्दै देशलाई लुट्ने, घात गर्नेको रक्षा र क्रान्तिकारी एवम् जनवादी शक्तिहरूमाथि हत्या, हिंसा, गिरफ्तारी, दमन लादिरहेको सरकारको निरङ्कुश एवम् फासिवादी दमनका विरुद्ध जागरुक हुन र सङ्घर्ष गर्न सबै मानवअधिकारवादी, कानुनविद्, बुद्धिजीवी, देशभक्त, लोकतन्त्रवादी, कम्युनिस्ट क्रान्तिकारी शक्तिहरूलाई विशेष अपिल समेत गरेका छन् ।

असोजको २९ गते राती दाङको राजपुर गापा-४ बाट ब्यूरोको बैठक बसिरहेको अवस्थामा नेकपा (विप्लव)का केन्द्रीय सदस्य तथा मध्यपश्चिम कमाण्ड इन्चार्ज चन्द्रबहादुर चन्द 'वीरजंग'लगायत २१ जना नेता कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको थियो । यति ठूलो संख्यामा एकसाथ नेकपा (विप्लव)का नेता कार्यकर्ता पक्राउ परेको यो पहिलो पटक हो ।


यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

हार्दिक शुभकामना

नेपाल सम्बत् ११४० तथा शुभदीपावली एवं छठ पर्व २०७६ को अवसरमा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

मोहन बहादुर बस्नेत
मेयर
दक्षिणकाली नगरपालिका परिवार
काठमाडौं

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा यस गाउँपालिका सम्पूर्ण गाउँपालिकावासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

नारायण मल्ल
वडाध्यक्ष
मधुवन नगरपालिका वार्ड नं.३ परिवार
बर्दिया



साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।